पर्सागढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा
मधेश प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः– ६ संख्याः– १ मितिः– २०७९/०४/१५ गते

भागः– १

पर्सागढी नगरपालिका सहकारी ऐन, २०७६

प्रस्तावना :-

सहकारी मुल्यमान्यता, सिद्धान्त र उत्तम अभ्यास अनुरूप स्थानीय स्तरमा छरिएर रहेको पुँजी, प्रविधि तथा प्रतिभालाई स्वावलम्बन र पारस्परिकताका आधारमा एकीकृत गर्दै सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक उन्नयन गर्न, समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त र सुशासित संगठनको रूपमा सहकारी संस्थाहरूको प्रवर्द्धन गर्न, कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, वस्तु तथा सेवा व्यवशायका माध्यमबाट सामाजिक न्यायका आधारमा आत्मनिर्भर, तीव्र एवम् दिगो रुपमा स्थानीय अर्थतन्त्रलाई सुदृढ तुल्याउन सहकारी संघ संस्थाहरुको दर्ता, सञ्चालन एवम् नियमन सम्वन्धी व्यवस्था गर्न वाञ्छनीय भएकोले

नेपालको संविधानको अनुसूचि ८ र अनुसूचि ९ तथा स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११. ख. मा उल्लेख भएका कामहरु गर्न गराउन नेपालको सविधालको धारा २२६ को (१) र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम पर्सागढी नगरपालिकाको नगर सभाले "पर्सागढी नगरपालिका सहकारी ऐन, २०७६" पारित गरिएको छ ।

परिच्छेद -१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :-

१) यस ऐनको नाम पर्सागढी नगरपालिका सहकारी ऐन, २०७६ रहेको छ ।

२) यो ऐन पर्सागढी नगरपालिकाको नगर सभा बाट पारित भई नगरपालिकाको राजपत्रमा प्रकाशित भएर प्रारम्भ हुनेछ ।

२. परिभाषा :-

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

१) "नगरपालिका" भन्नाले पर्सागढी नगरपालिका सम्झनुपर्छ ।

२) "प्रमुख" भन्नाले यस पर्सागढी नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ ।

३) "उपप्रमुख" भन्नाले पर्सागढी नगरपालिकाको नगर उपप्रमुख सम्झनुपर्छ ।

४) "कार्यपालिका" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सम्भनुपर्छ ।

५) "वडा अध्यक्ष" भन्नाले पर्सागढी नगरपालिकाको वडा अध्यक्ष सम्भनुपर्छ ।

६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पर्सागढी नगरपालिकाको प्रशासकीय प्रमुखको रुपमा काम गर्ने कर्मचारी सम्भनुपर्छ । सो शब्दले नगर सभा र कार्यपालिका सदस्य सचिवलाई समेत जनाउछ ।

७) "कार्यपालिका सदस्य" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका सदस्य सम्भनुपर्छ । सो शब्दले नगरपालिकाको प्रमुख, उपप्रमुख, वडा अध्यक्ष समेतलाई बुझाउछ ।

८) "नगर सभा" भन्नाले पर्सागढी नगरपालिकाको नगर सभा सम्भनुपर्छ ।

९) "नगर सभा सदस्य" भन्नाले पर्सागढी नगरपालिका नगर सभा सदस्य सम्भनुपर्छ । सो शब्दले नगरपालिका प्रमुखा, उपप्रमुख, वडा अध्यक्ष, कार्यपालिका सदस्य समेतलाई बुझाउछ ।

१०) "कार्यालय" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका कार्यालय सम्भनुपर्छ । सो शब्दले कार्यपालिका मातहतका कार्यालयहरु समेतलाई बुझाउछ ।

११) "विषयगत शाखा" भन्नाले पर्सागढी नगरपालिकाको कार्यपालिका अन्तरगतको बिषयगत शाखा, उपशाखा वा इकाईलाई सम्भनुपर्छ ।

१२) "वडा समिति" भन्नाले पर्सागढी नगरपालिकाको वडा समितिहरु सम्भनु पर्छ ।

१३) "वडा सचिव" भन्नाले पर्सागढी नगरपालिका वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्न तोकिएको वडा सचिव/कर्मचारी सम्भनुपर्छ ।

१४) "समन्वय समिति" भन्नाले यस ऐन अन्तरगत दफा ७७ बमोजिम बनेको पर्सागढी नगरपालिका सहकारी समन्वय तथा अनुगमन समितिलाई जनाउछ ।

१५) "संस्था" भन्नाले दफा ३ बमोजिम गठन भई दफा ९. बमोजिम दर्ता भएको विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था सम्भनुपर्दछ ।

१६) "संघ" भन्नाले दफा ४ र दफा ५ बमोजिम गठन भई दफा ९. बमोजिम दर्ता भएको पर्सागढी नगरपालिकाको विषयगत वा बहुउद्देश्यीय सहकारी संघ/संस्था सम्भनुपर्दछ ।

१७) "सहकारी सिद्धान्त" भन्नाले स्वेच्छिक तथा खुला सदस्यता, सदस्यद्वारा लोकतान्त्रिक नियन्त्रण, सदस्यको आर्थिक सहभागीता, स्वायत्तता र स्वतन्त्रता, शिक्षा, तालीम र सूचना, सहकारी-सहकारी बीच पारस्परिक सहयोग र समुदायप्रतिको चासो लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी सिद्धान्त सम्भनुपर्छ ।

१८) "सहकारी मूल्य" भन्नाले स्वावलम्वन, स्व-उत्तरदायित्व, लोकतन्त्र, समानता, समता, ऐक्यवद्धता, इमान्दारी, खुलापन, सामाजिक उत्तरदायित्व तथा अरुको हेरचाह लगायत अन्तर्राष्ट्रिय मान्यता प्राप्त सहकारी सम्बन्धी मूल्य सम्भनुपर्छ ।

१९) "विनियम" भन्नाले सम्बन्धित सहकारी संघ/संस्थाको दफा २१ बमोजिम बनाएको विनियम सम्झनुपर्छ ।

२०) "आन्तरिक कार्यविधि" भन्नाले सहकारी संघ/संस्थाले दफा २२ बमोजिम बनाएको तथा बनाउने आन्तरिक कार्यविधि सम्झनुपर्छ ।

२१) "शेयर" भन्नाले सहकारी संघ/संस्थाको शेयर पूजीको अंश सम्झनुपर्छ ।

२२) "साधारण सभा" भन्नाले सहकारी संघ/संस्थाको साधारण सभा सम्झनुपर्छ ।

२३) "सञ्चालक" भन्नाले सहकारी संघ/संस्थाको सञ्चालक समितिको सदस्य सम्झनुपर्छ र सो शव्दले समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष समेतलाई जनाउँछ ।

२४) "सदस्य" भन्नाले सहकारी संघ/संस्थाको सदस्यता प्राप्त गरेका व्यक्ति सम्झनुपर्छ ।

२५) "सञ्चालक समिति" भन्नाले दफा ३५. बमोजिमको सञ्चालक समिति सम्झनुपर्छ ।

२६) "लेखा सुपरीवेक्षण समिति" भन्नाले दफा ४२ बमोजिमको लेखा सुपरीवेक्षण समिति सम्झनुपर्छ ।
२७) "सहकारी पदाधिकारी" भन्नाले सहकारी संघ/संस्थाका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष (पदाधिकारीहरु) सम्झनु पर्छ । सो शव्दले सञ्चालक समिति तथा लेखा समिति संयोजक एवं सदस्यहरु समेतलाई जनाउछ ।

२८) "परिवार" भन्नाले सदस्यको सगोलमा रहेका पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा, हजुर बुबा, हजुर आमा, र आफूले पालन पोषण गर्नु पर्ने दाजु, भाउजु, भाइ, वुहारी र दिदी, बहिनी सम्झनुपर्छ । तर सो शव्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफनो पेशा व्यवशाय गरी बसेको परिवारको सदस्यलाई जनाउने छैन ।

२९) "बचत" भन्नाले सदस्यले सहकारी संघ/संस्थामा जम्मा गरेको रकम सम्झनुपर्छ ।

३०) "प्राथमिक पूंजी कोष" भन्नाले शेयर पुँजी र जगेडा कोष सम्झनुपर्छ ।

३१) "कसुर" भन्नाले दफा ८९. बमोजिमको कसूर सम्झनुपर्छ ।

३२) "मन्त्रालय" भन्नाले सहकारी सम्वन्धी विषय हेर्ने संघीय तथा प्रदेश मन्त्रालय सम्झनुपर्छ ।

३३) "रजिष्ट्रार" भन्नाले संघीय रजिष्ट्रार सम्झनु पर्छ ।

३४) "विभाग" भन्नाले सहकारी विभाग सम्झनुपर्छ र सो शव्दले मन्त्रालयले सहकारी नियमन गर्न तोकेको महाशाखा वा विभाग समेतलाई जनाउँछ ।

३५) "संस्थाको व्यवशाय" भन्नाले विनियममा व्यवस्था भए बमोजिम सञ्चालित व्यावसायिक क्रियाकलाप सम्झनुपर्छ ।

३६) "दर्ता गर्ने अधिकारी" भन्नाले दफा ७५. बमोजिमको दर्ता गर्ने अधिकारी सम्झनुपर्दछ ।

३७)"संघीय कानून" भन्नाले संघीय सरकारले जारी गरेको सहकारी ऐन र नियमावलीलई सम्झनुपर्छ ।
३८) "प्रदेश कानून" भन्नाले प्रदेश सहकारी ऐन तथा नियमावलीलाई सम्झनु पर्छ ।

३९) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्छ ।

परिच्छेद -२

सहकारी संस्थाको गठन तथा दर्ता

३. संस्थाको गठन :-

१) कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि श्रमिक, युवा लगायतले आफ्नो श्रम वा सीपमा आधारित भइ व्यवशाय गर्ने सहकारी संस्थाको हकमा पन्ध्र जना नेपाली नागरिकहरु भए पनि संस्था गठन गर्न सक्नेछन् ।

३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह वा त्यस्ता सरकार वा तहको अनुदान वा स्वामित्वमा संचालित विद्यालय, विश्वविद्यालय वा संगठित संस्थाबाट पारिश्रमिक पाउने पदमा बहाल रहेका कम्तीमा एकसय जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली प्रचलित कानून बमोजिम दर्ता भएको आफनो पेशागत संगठनका आधारमा सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी सहकारी संस्था गठन गर्न सक्नेछन् । तर एकसय जनाभन्दा कम संख्या रहेको एउटै कार्यालयका कम्तीमा तीस जना कर्मचारी, शिक्षक वा प्राध्यापकहरुले आपसमा मिली सदस्यता, प्रतिनिधित्व र सेवा संचालनमा तोकिए बमोजिमका शर्त बन्देजहरु पालना गर्ने गरी सहकारी संस्था गठन गर्न सक्नेछन् ।

४) यस दफा बमोजिम संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उपदफा १) वा २) मा उल्लिखित संख्या पुगेको हुनु पर्नेछ । तर संस्था दर्ता भइसकेपछि एकै परिवारका एकभन्दा बढी व्यक्तिले सो संस्थाको सदस्यता लिन बाधा पर्ने छैन ।

५) उपदफा १) २) र ३) मा जुनसुकै कुरा लेखिएको भए तापनि बचत तथा ऋणको कारोवार गर्ने संस्था गठन गर्दा यस नगरपालिकाका कम्तीमा ६० जना र बहुउद्देश्यीय सहकारी संस्थाका लागी कम्तीमा १५० जना नेपाली नागरिकहरुको सहभागिता हुनु पर्नेछ ।

४. सहकारी संघको गठन :-

१) सहकारि व्यवशायको विकास, प्रवर्द्धन र बजारिकरण लगायतका कार्य गर्न दफा ३. बमोजिम गठन भएर दफा ९. अनुसार दर्ता भई कार्यरत रहेका कम्तीमा ५ वटा विषयगत सहकारी संस्थाहरु आपसमा मिली आफ्नो विषयको पर्सागढी नगरपालिका विषयगत सहकारी संघको गठन गर्न सक्नेछन ।

२) सहकारि व्यवशायको विकास, प्रवर्धन र बजारीकरण लगायतका कार्य टेवा पुऱ्याउन दफा ३. बमोजिम गठन भएर दफा ९. अनुसार दर्ता भई कार्यरत रहेका कम्तीमा १० वटा फरक फरक सहकारी संस्थाहर वा कम्तीमा तीन वटा विषयगत संघ वा दुवै आपसमा मिली पर्सागढी नगरपालिका सहकारी संघको गठन गर्न सक्नेछन ।

३) सहकारी व्यवशायको विकास, प्रवर्द्धन र वजारिकरण लगायतका कार्य टेवा पुऱ्याउन दफा ३. र ४. वमोजिम गठन भई दफा ९. वमोजिम पर्सागढी नगरपालिका दर्ता भएर कार्यरत रहेका सहकारी संघ/संस्थाहरुले संघीय तथा प्रदेश कानूनको अधिनमा रही जिल्ला विषयगत सहकारी संघ, जिल्ला सहकारी संघ, प्रदेश विषयगत संघ, प्रदेश सहकारी संघ, केन्द्रिय विषयगत सहकारी संघ, केन्द्रीय/राष्ट्रिय सहकारी संघ र राष्ट्रिय सहकारी महा संघमा सदस्य हुन पाउने छन् ।

४) उपदफा ३) वमोजिम सदस्यता हुने तथा काम कारवाही सम्वन्धमा संघीय तथा प्रदेश कानूनमा तोकिए बमोजिमको अधिनमा रही सम्वन्धित संघको विनियममा उल्लेख भए अनुसार हुनेछ ।

५. विशिष्ठिकृत सहकारी संघको गठन :-

१) दफा ९. वमोजिम पर्सागढी नगरपालिकामा दर्ता भएका कम्तीमा ३ वटा सहकारी संघ संस्थाहर मिली कृषि व्यवशाय, फलफुल प्रशोधन, जडिवुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डार, अस्पताल शिक्षालय, प्रविधिक शिक्षालय, प्रयोगशाला वैकल्पिक उर्जा, रासायनिक मल कारखाना, आवाशिय परियोजना, यातायात, भारी कृषी उपकरण आदी जस्ता ठुला आवश्यकताका वस्तु वा सेवाको परिपूर्ति गर्न पर्सागढी नगरपालिका विशिष्टिकृत सहकारी संघको गठन गर्न सकिनेछ ।

२) पर्सागढी नगरपालिका विशिष्टिकृत सहकारी संघ एक भन्दा वढी पनि हुन सक्नेछ र एक अर्काको व्यवशायिक स्वर्थमा असर पुगेको पाईएमा नगरपालिकाले नियन्त्रर्ण गर्न सक्नेछ ।

३) पर्सागढी नगरपालिका विशिष्टिकृत सहकारी संघ पूर्ण रुपमा व्यावसायिक हुनेछ, यस संघको अन्य कुनै संघ, महा संघमा चुन्ने चुनिने अधिकार रहने छैन । ४) विशिष्टीकृत सहकारी संघको सञ्चालन तथा व्यवस्थापनको विशेष व्यवस्था कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

६. सहकारी संघ गठन हुन नसक्ने :-

अन्यत्र जुनसुकै कुरा लेखिएको भएपनि एकै प्रकृतीको एकभन्दा वढी पर्सागढी नगरपालिका विषयगत सहकारी संघ र एकभन्दा वढी पर्सागढी नगरपालिका सहकारी संघ गठन गर्न सकिने छैन ।

७. दर्ता नगरी सहकारी संघ/संस्था संचालन गर्न नहुने :-

१) कसैले पनि यस ऐन बमोजिम दर्ता नगरी सहकारी संघ संस्था स्थापना तथा सञ्चालन गर्न हुँदैन ।

२) यस नगरपालिका समेत कार्यक्षेत्र भई अन्यत्र दर्ता भएका संघ/संस्थाहरुले संस्थाको शाखा वा सम्पर्क कार्यालय खोल्दा कार्यपालिकामा जानकारी दिई अभिलेखीकरण गराउनु पर्नेछ ।

३) यस अघि जिल्ला सहकारी कार्यालय, डिभिजन सहकारी कार्यालय, सहकारी विभाग, रजिष्ट्रारको कायालय आदिमा दर्ता भएर यस नगरपालिकामा कार्यारत सहकारीहरु यसै ऐन अनुसार दर्ता भएको मानिनेछ ।

४) उपदफा ३) अनुसारका सहकारीहरुले नगरपालिकामा दर्ता गर्नु पर्ने छैन तर तोकिएको ढाचामा सवै विवरण र पुष्ट्याईका प्रमाणित कागजात सहित दर्ता नियमित गर्नु पर्नेछ ।

८. दर्ता तथा दर्ता नियमितको लागि दरखास्त दिनु पर्ने :-

१) यस ऐन बमोजिम गठन भएका/हुने सरकारी संस्था, पर्सागढी नगरपालिका विषयगत सहकारी संघ पर्सागढी नगरपालिका विशिष्ठिकृत सहकारी संघ र पर्सागढी नगरपालिका सहकारी संघले दर्ताका लागि नगरप्रमुख समक्ष अनुसूचि - १ को ढाँचामा आवेदन दिनुपर्नेछ ।

२) उपदफा १) बमोजिमका दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सहकारी संस्थाको प्रस्तावित विनियम,

(ख) सहकारी संस्था सञ्चालनको सम्भाव्यता अध्ययन प्रतिवेदन,

(ग) सदस्यले लिन स्वीकार गरेको शेयर संख्या र शेयर रकमको विवरण ,

(घ) अनुसूचि - १ मा तोकिएका अन्य विवरण

(ङ) दफा ७. को उपदफा ४) बमोजिम दर्ता नियमित गर्न नगरप्रमुख समक्ष अनुसूचि - २ को ढाँचामा दरखास्त साथ देहाय बमोजिमका कागजातहरू संलग्न गर्नु पर्नेछः-

(क) सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) सहकारी संस्थाको स्विकृत विनियमको प्रतिलिपी,

(ग) प्रगती पतिवेदन, (ग) लेखापरिक्षण प्रतिवेदन,

(घ) सदस्यहरुको विवरण र पुंजी तथा लगानी विवरण

(ङ) करचूक्ता प्रमाणपत्रको प्रतिलिपी,

(च) कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु

(छ) अनुसूचि - २ मा तोकिएका अन्य विवरण

९. दर्ता तथा दर्ता नियमित गर्नु पर्ने :-

१) दफा ८. बमोजिम प्राप्त आवेदन सहितको कागजातहरु छानविन गर्दा देहाय बमोजिम भएको पाइएमा दर्ता गर्ने अधिकारीले आवेदन परेको मितिले बढीमा एक महिना भित्र त्यस्तो सहकारी संघ/संस्था दर्ता गरी अनुसूचि - ३ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछः

(क) दरखास्त साथ पेश भएको विनियम यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम रहेको, (ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुन सक्ने आधार रहेको, (ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रित भई संचालन र नियन्त्रण हुन सक्ने स्पष्ट आधार रहेको ।

२) उपदफा १) बमोजिम छानविन गर्दा प्रस्तावित सहकारी संस्थाको विनियमको कुनै कुरामा संशोधन गर्नुपर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संशोधन गर्नुपर्ने व्यहोरा खुलाई दरखास्त प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई सूचना गर्नु पर्नेछ ।

३) सहकारी संस्था दर्ता गर्दा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संस्थाले पालना गर्नु पर्ने गरी कुनै शर्त तोक्न सक्नेछ ।

४)उपदफा (३) बमोजिम शर्त तोकिएकोमा सोको पालना गर्नु सम्बन्धित सहकारी संस्थाको कर्तव्य हुनेछ ।

५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन प्रारम्भ हुँदाका बखत पसांगढी नगरपालिका भित्र कार्यक्षेत्र कायम गरि दर्ता भएर सञ्चालनमा रहेका सहकारी संस्थाले दर्ता नियमितका लागि दफा ८. को उपदफा ३) बमोजिम आवेदन गरेमा दर्ता गर्ने अधिकारीले आवेदन परेको ७ (सात) दिन भित्र दर्ता नियमित गरी अनुसूचि - ३ को ढाँचामा दर्ता प्रमाणपत्र दिनु पर्नेछ ।

६) यस नगरपालिका भित्र संख्यात्मक सहकारी भन्दा गुणात्मक सहकारीको संख्या उल्लेख्य रहोस भन्ने अभिप्रायका साथ आवश्यक्ता तथा प्रवृति हेरी अनुगमन समितिले पारित गरेको सिमा र मापदण्ड बमोजिम अधिकतम संख्या भन्दा बढी भएको अवस्थामा नगर प्रमुख स्तरीय निर्णयबाट सहकारी दर्ता रोक्का गर्न सक्नेछ ।

७) नगरपालिकाले सहकारीहरुको गुणस्तर सुधारका लागि निश्चित समय सम्म सहकारी दर्ता रोक्का वा दर्ता नगर्ने निर्णय गर्न सक्नेछ ।

१०. दर्ता गर्न अस्वीकार गर्न सक्ने :-

१) दफा ९. को उपदफा १) मा उल्लिखित अवस्था नभएमा, सोही दफा को उप दफा २) बमोजिम विनियम संशोधनको लागि सूचना दिएको अबधि भित्र निवेदकले संशोधन गर्न अस्वीकार गरेमा वा त्यस्तो सूचना पाएको मितिले तीस दिनभित्र बिनियम संशोधन नगरेमा वा सूचनामा उल्लेख भए बमोजिम हुने गरी विनियम संशोधन नगरेमा त्यस्तो सहकारी संघ संस्था दर्ता गर्न अस्वीकार गर्न सक्नेछ ।

२) उपदफा १) बमोजिम सहकारी संघ संस्था दर्ता गर्न अस्वीकार गरेकोमा दर्ता गर्ने अधिकारीले कारण खुलाई ७ दिन भित्र सोको जानकारी सम्बन्धित निवेदकहरूलाई दिनु पर्नेछ ।

३) यस ऐनको दफा ९. को उप दफा ६) र उपदफा ७) अनुसार भएको अवस्थामा पनि दर्ता गर्ने अधिकारीले सहकारी संघ संस्था दर्ता गर्न अस्वीकार गर्नेछ ।

११. सहकारी संघ संस्था अध्यवधिक गर्नु पर्ने :-

१) यस ऐन वमोजिम तर्था तथा दर्ता नियमित भएका सहकारी संघ संस्थाले आर्थिक वर्ष समाप्त भएको ६ (छ) महिना भित्र अध्यवधिक प्रमाणित गराउनु पर्नेछ ।

२) सहकारी संघ संस्था अध्यावधिक गर्न कार्यालयले तोकेका कागजात सहित देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ ।

क. वार्षिक साधारण सभाको प्रतिलिपी

ख. लेखापरिक्षण प्रतिवेदन

ग. सञ्चालक समितिको निर्णय

घ. करचुक्ता प्रमाणपत्र

ङ. बार्षिक प्रगती प्रतिवेदन

च. तोकिएका अन्य कागजात तथा प्रतिबेदनहरु

३) सहकारी दर्ता गर्ने अधिकारीले कार्यालयमा पेश भएका कागजात अध्ययन गरी उपयुक्त भएका पाएमा सहकारी संघ संस्थाको अध्यावधिक गर्नेछ ।

४) यस ऐन बमोजिम सञ्चालित सहकारी संघ संस्थाहरुले अध्यावधिक गर्नका लागि पेश गरिएका बाहेक नगरपालिकाबाट तोकिए बमोजिमका आवधिक तथा अन्य प्रतिबेदनहरु अनिवार्य रुपमा बुझाउन पर्नेछ ।

क. वार्षिक साधारण सभाको प्रतिलिपी

ख. लेखापरिक्षण प्रतिवेदन

ग. सञ्चालक समितिको निर्णय

घ. करचुक्ता प्रमाणपत्र

ङ. बार्षिक प्रगती प्रतिवेदन

च. तोकिएका अन्य कागजात तथा प्रतिबेदनहरु

५) सहकारी दर्ता गर्ने अधिकारीले कार्यालयमा पेश भएका कागजात अध्ययन गरी उपयूक्त भएका पाएमा सहकारी संघ संस्थाको अध्यावधिक भएको प्रमाणित गर्नेछ ।

६) तोकिएको समयमा साधारण सभा र अध्यावधिक प्रमाणित गर्न नसकेमा नगरपालिका समक्ष समय थपका लागि निवेदन दिई दर्ता गर्ने अधिकारीको आदेश अनुसार गर्नु पर्नेछ ।

१२. सहकारी संघ संस्था संगठित संस्था हुने :-

१) सहकारी संघ संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र सङ्गठित संस्था हुनेछ ।

२) सहकारी संघ संस्थाको काम कारबाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।

३) सहकारी संघ संस्थाले यस ऐनको अधीनमा रही व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।

४) सहकारी संघ संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

५) सहकारी संघ संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

१३. सहकारी संघ संस्थाको कार्यक्षेत्र र आधार :-

१) दर्ता हुँदाका बखत सहकारी संस्थाको कार्य क्षेत्र देहाय बमोजिम हुनेछः

(क) कृषि तथा बचत तथा ऋणको मुख्य कारोबार गर्ने संस्थाको हकमा बढीमा १ वडा भर,

(ख) दफा ३. को उप दफा ३) र बहुउदेश्यीय सहकारीको हकमा संस्था बढीमा नगरपालिका भर,

(ग) अन्य सहकारी संस्थाको हकमा बढीमा १ वडा भर,

(घ) संघहरुको नगरपालिका भर,

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले दर्ता भई व्यावसायिक सेवा प्रारम्भ गरेको एक वर्ष पछि देहायको आधारमा जोडिएको भौगोलिक क्षेत्र कायम रहने गरी आफ्नो कार्यक्षेत्र थप वडाहरूमा विस्तार गर्न सक्नेछ ।

(क) संस्थाको व्यावसायिक क्रियाकलापको विकासक्रममा सदस्यता बढाउन थप कार्यक्षेत्र आवश्यक परेको,
(ख) संस्थाको कार्य संचालनमा सदस्यको प्रत्यक्ष नियन्त्रण कायम राख्न रचनात्मक उपायहरु अवलम्बन गरिएको,

३) सहकारी संस्थाको कार्य क्षेत्रको आधार देहाय बमोजिम हुनेछः

(क) सदस्यहरुबीच स्वावलम्बनको पारस्पारिक अभ्यासको लागि आपसी साझा बन्धन (कमन बण्ड),

(ख) व्यावसायिक स्तरमा सेवा संचालन गर्न आवश्यक सदस्य संख्या,

(ग) संस्था संचालनमा सदस्यको सहभागितामूलक लोकतान्त्रिक नियन्त्रण कायम हुने गरी पायक पर्ने स्थान ।

४) उपदफा १) २) र ३) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाको कार्यक्षेत्रका वडाहरूमा सदस्य नभएको वा सेवा पुऱ्याउन नसकेका अवस्था देखिएमा दर्ता गर्ने अधिकारीले व्यावसायिक सेवा सञ्चालन भएका वडा मात्र कार्यक्षेत्र कायम गर्ने गरी विनियम संशोधन गर्न निर्देशन दिन सक्नेछ ।

५) उपदफा ४) बमोजिम निर्देशन दिएकोमा सहकारी संस्थाले १ (एक) वर्षभित्र विनियम संशोधन गरी आफ्नो कार्यक्षेत्र पुनःनिर्धारण गर्नुपर्नेछ ।

६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले स्वेच्छिक रूपमा जुनसुकै समय कार्यक्षेत्र घटाउने गरी पुनःनिर्धारण गर्न विनियम संशोधन गर्न सक्नेछ। संसोधित विनियम पर्सागढी नगरपालिकाले स्विकृत गरेपछि मात्र लागु हुनेछ।

७) कार्यक्षेत्र पुनः निर्धारण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

१४. जानकारी, अनुमती :-

१) पर्सागढी नगरपालिका भन्दा बढी कार्यक्षेत्र कायम राखी दर्ता भई सञ्चालनमा रहेका संस्थाहरूले पर्सागढी नगरपालिकामा सेवा सञ्चालन गर्दा कार्यक्षेत्र सहित सञ्चालित सेवाको विवरण नगरपालिकामा अभिलेखिकरण गराउनु पर्नेछ।

२) पर्सागढी नगरपालिका भन्दा बढी कार्यक्षेत्र राखी सञ्चालनमा आउन चाहने सहकारी संघ संस्थाहरूले दर्ता पुर्व नगरपालिकाबाट अनुमती वा सिफारिस प्राप्त गर्नु पर्नेछ।

३) यस ऐन बमोजिम दर्ता तथा दर्ता नियमित भएको वा दर्ताका लागि यस नगरपालिकाबाट सिफारिस भई दर्ता भएर सञ्चालन भएका सहकारीहरुको अनुगमन, नियमन लगायतका कार्यहरु नगरपालिकाले गर्नेछ।

१५. सहकारीहरुको विषयगत आधारमा वर्गीकरण :-

१) सहकारी संस्थाको वर्गीकरण देहाय बमोजिम हुनेछः

(क) उत्पादनमूलक संस्थाः कृषि, दुग्ध, चिया, उर्जा, कफि, उखु, फलफुल, माछापालन, तरकारी, अलैची, अदुवा, जडिबुटीलगायतका कृषि उत्पादन तथा औद्योगिक उत्पादनमुलक सहकारी संस्थाहरु,

(ख) वित्तिय संस्थाः बचत तथा ऋण, वित्तिय संस्थाहरु

(ग) सेवामूलक संस्थाहरुः उपभोक्ता भण्डार, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, हस्तकला, खाद्य परिकार विशेषका विषयगत र प्राथमिक आवश्यकता एवम् सेवाको योजना समेतका आधारमा अन्य सेवामुलक संस्थाहरु,

(घ) बहुउद्देश्यीय संस्थाः उत्पादनमुलक, सेवामुलक, वित्तिय तथा उपभोग र श्रम वा सीपमा आधारित स्वरोजगारीका सेवा समेत सञ्चालन गर्ने अन्य बहुउद्देश्यीय संस्था।

२) उपदफा १) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषयमा विशिष्टीकरण, आम प्रचलन र अभ्यासको विकासक्रम समेतको आधारमा तोकिए बमोजिमका विषयहरु थप गर्न सकिनेछ।

३) उपदफा १) र २) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा १) बमोजिम उल्लेख भएका बाहेकका अन्य विषयगत संस्थाहरु गठन गर्न बाधा पर्नेछैन।

१६. कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्ने :-

१) दफा ९. बमोजिम दर्ता प्रमाणपत्र प्राप्त गरे पछि संस्थाले आफ्नो उद्देश्य प्राप्तिका लागि यस ऐन र संघ संस्थाको विनियमको अधीनमा रही आवश्यक कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछ ।

२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाले उपदफा १) बमोजिम कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्न छुट्टै संस्था दर्ता गर्नुपर्ने छैन । तर त्यस्तो कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्न प्रचलित कानून बमोजिम अनुमती पत्र, स्वीकृति वा इजाजतपत्र लिनु पर्ने रहेछ भने सो बमोजिम अनुमतिपत्र, स्वीकृति वा इजाजतपत्र लिएर मात्र कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्नु पर्नेछ ।

३) उपदफा २) बमोजिम संस्थाले प्रचलित कानून बमोजिम अधिकार पाएको निकाय वा अधिकारीबाट अनुमती पत्र, स्वीकृति वा इजाजतपत्र प्राप्त गरेमा १ (एक) महिना भित्र सोको जानकारी कार्यपालिका कार्यालयलाई दिनु पर्नेछ ।

४) दुई वा दुईभन्दा बढी संस्थाले संयुक्त वा साझेदारीमा आफ्नो उत्पादन वा सेवाको बजारीकरणको लागि यस ऐनको अधीनमा रही आवश्यक कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्न सक्नेछन । ५) उपदफा ४) बमोजिमको कारोवार, व्यवशाय, उद्योग वा परियोजना सञ्चालन गर्ने सम्बन्धी अन्य व्यवस्था प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

१७. दायित्व सीमित हुने :-

१) सहकारी संघ/संस्थाको कारोबारको सम्बन्धमा सदस्यको दायित्व निजले खरिद गरेको वा खरिद गर्न स्वीकार गरेको शेयरको अधिकतम रकम सम्म मात्र सीमित रहनेछ ।

२) नाममा "सहकारी" र नामको अन्त्यमा "लिमिटेड" भन्ने शब्द राख्नु पर्नेछ ।

१८. सहकारीका मूल्य, मान्यता र सिद्धान्त पालना गर्नु पर्ने :-

सहकारी संघ/संस्थाको गठन र सञ्चालन गर्दा सहकारीका मूल्य, मान्यता र सिद्धान्तको पालना गर्नु पर्नेछ ।

परिच्छेद -३

सहकारी संघ/संस्थाका उद्देश्य तथा कार्यहरु

१९. सहकारी संघ/संस्थाको उद्देश्य :-

सदस्य र समुदायको हितका लागि आफ्ना सदस्यहरू तथा समुदायको आर्थिक, सामाजिक तथा साँस्कृतिक उन्नयन गर्नु सहकारी संघ/संस्थाको मुख्य उद्देश्य हुनेछ ।

२०. सहकारी संघ/संस्थाको कार्यहरु :-

सहकारी संघ/संस्थाका कार्यहरू देहाय बमोजिम हुनेछन:

१) सहकारीका मूल्य, मान्यता र सिद्धान्तहरूको पालना गर्ने गराउने,

२) सदस्यको हित प्रवर्द्धन गर्ने गरी व्यावसायिक सेवाहरू प्रदान गर्ने,

३) सदस्यलाई शिक्षा, सूचना र तालीम प्रदान गर्ने,

४) संस्थाले गर्ने उत्पादन तथा सेवाको मापदण्ड निर्धारण गरी गुणस्तर सुधार, आर्थिक स्थायित्व र जोखिम व्यवस्थापनसम्बन्धी कार्य गर्ने,

५) आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने,

६) संस्थाको व्यावसायिक प्रवर्द्धन तथा विकास सम्वन्धी क्रियाकलापहरू सञ्चालन गर्ने,

७) मन्त्रालय, संघीय, प्रादेशिक रजिष्ट्रार, पर्सागढी नगरपालिका तथा सम्वन्धित अन्य निकायको निर्देशन पालना गर्ने गराउने,

८) विनियममा उल्लिखित कार्यहरू गर्ने,

परिच्छेद -४

विनियम तथा आन्तरिक कार्यविधि

२१. विनियम बनाउनु पर्ने :-

१) सहकारी संघ/संस्थाले यस ऐन र अन्तर्गत बनेको नियमको अधीनमा रही आफ्नो कार्य सञ्चालनको लागि विनियम बनाउनु पर्नेछ ।

२) उपदफा १) बमोजिमको विनियम नगरपालिकाबाट स्वीकृत भए पछि लागु हुनेछ ।

२२. आन्तरिक कार्यविधि बनाउन सक्ने :-

१) सहकारी संघ संस्थाले यस ऐन र अन्तर्गतको नियमको अधीनमा रही आवश्यकता अनुसार आफ्नो आन्तरिक कार्यविधि, प्रवन्ध पत्र, निर्देशिका बनाउन सक्नेछ ।

२) उपदफा १) बमोजिमको आन्तरिक कार्यविधि सम्बन्धित संस्थाको सञ्चालक समितिले स्विकृत गरेपछि लागु हुने छ । सोको अनुमोदन साधारण सभाले गर्नुपर्ने छ ।

३) उपदफा १) बमोजिमको आन्तरिक कार्यविधि सञ्चालक समितिले स्विकृत गरेको १(एक) महिना भित्र दर्ता गर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने छ ।

२३. विनियममा संशोधन :-

१) संस्थाको साधारण सभाको गणपुरक संख्याको कम्तिमा दुइ तिहाई बहुमतबाट मात्र विनियम संशोधन हुन सक्नेछ ।

२) उपदफा (१) बमोजिम भएको संशोधन दर्ता गर्ने अधिकारीबाट स्वीकृत भएपछि मात्र लागु हुनेछ ।

परिच्छेद -

५ सदस्यता

२४. संस्थाको सदस्यता :-

१) १८ वर्ष उमेर पूरा गरेका देहाय बमोजिमका नेपाली नागरिक संस्थाको सदस्य हुन सक्नेछः

(क) पर्सागढी नगरपालिकामा (संस्थाको कार्यक्षेत्र भित्र) स्थाई बसोवास गरेको,

(ख) संस्थाको कम्तीमा एक शेयर खरिद गरेको,

(ग) संस्थाको विनियममा उल्लिखित शर्तहरु पालना गर्न मन्जुर गरेको,

(घ) संस्थाको जिम्मेवारी पालना गर्न मन्जुर भएको,

(ङ) संस्थाले गरेको कारोवारसँग प्रतिस्पर्धा हुने गरी कारोवार नगरेको,

(च) संस्थाको सदस्यता लिन योग्य रहेको स्वघोषणा गरेको,

२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि संघीय, प्रदेश सरकार तथा सरकारका निकायहरु, नगरपालिकाका साथै संस्थाको कार्यक्षेत्र भित्रका सामुदायिक वा सहकारी विद्यालय, गुठी, स्थानीय क्लब, स्थानीय तहमा गठन भएका उपभोक्ता समूहहरु तथा उत्पादन, सेवामूलक संघ संस्थाहरु संस्थाको सदस्य हुन बाधा पर्ने छैन ।

३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सहकारी संस्थामा सहकारी संघ/संस्थाले सदस्यता लिन बाधा पर्ने छैन ।

४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि व्यपक जनसहभागिता भएको, व्यपक रुपमा स्थानिय उत्पादन, अत्यधिक रोजगारी, पारदर्शि सञ्चालन पद्धति भएका सहकारीहरुमध्ये कार्यपालिकाले उत्कृष्ठ सहकारीमा शेयर लगानि गरी नमुना सहकारीताको विकास गराउन सक्नेछ ।

२५. संघको सदस्यता हुन सक्ने :-

१) यस ऐन अनुसार गठन भएका विषयगत सहकारी संस्थाहरुले विषयगत सहकारी संघको र पर्सागढी नगरपालिका विषयगत सहकारी संघ तथा सबै प्रकारका सहकारी संस्थाहरुले पर्सागढी नगरपालिका सहकारी संघको सदस्यता प्राप्त गर्न सक्नेछन ।

२) जिल्ला, प्रदेश, केन्द्रिय विषयगत सहकारी संघ, सहकारी संघ र राष्ट्रिय सहकारी महासंघको सदस्यता विधी प्रकृया संघीय र प्रदेश कानून उल्लेख भए अनुसार हुनेछ ।

३) नगरपालिका विषयगत सहकारी संघ र नगरपालिका सहकारी संघको सदस्यता सम्वन्धी विधी र प्रकृया यस ऐन बमोजिम सम्वन्धित संघको विनियममा तोकिए बमोजिम हुनेछ ।

२६. सदस्यता प्राप्त गर्न निवेदन दिनुपर्ने :-

१) संस्थाको सदस्यता लिन चाहने सम्बन्धित व्यक्तिले संस्थाको समिति समक्ष निवेदन दिनु पर्नेछ ।

२) उपदफा १) बमोजिम निवेदन परेको मितिले पैंतीस दिन भित्र समितिले यो ऐन र यस अन्तर्गत बनेको नियम तथा विनियमको अधीनमा रही सदस्यता प्रदान गर्ने वा नगर्ने निर्णय गर्नु पर्नेछ ।

३) उपदफा २) बमोजिम निर्णय गर्दा समितिले सदस्यता प्रदान नगर्ने निर्णय गरेमा सोको कारण खोली सात दिनभित्र निवेदकलाई जानकारी गराउनु पर्नेछ ।

४) उपदफा ३) बमोजिम जानकारी पाएको मितिले तीस दिनभित्र सम्बन्धित व्यक्तिले त्यस्तो संस्था दर्ता गर्ने अधिकारी समक्ष उजूर गर्न सक्नेछ ।

५) उपदफा ४) बमोजिम प्राप्त उजूरी छानबिन गर्दा निवेदकलाई सदस्यता प्रदान गर्नु पर्ने देखिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो निवेदकलाई सदस्यताका लागि सम्बन्धित संस्थालाई आदेश दिन सक्नेछ ।

६) उपदफा ५) बमोजिम आदेश भएमा सो आदेश प्राप्त गरेको सात दिन भित्र सम्बन्धित संस्थाले निवेदकलाई सदस्यता प्रदान गरी सोको जानकारी दर्ता गर्ने अधिकारीलाई गराउनु पर्नेछ ।

२७. सदस्य हुन नपाउने :-

१) कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य हुन पाउने छैन ।

२) यो ऐन प्रारम्भ हुनु अघि कुनै व्यक्ति एकै प्रकृतिको एकभन्दा बढी संस्थाको सदस्य रहेको भए यो ऐन प्रारम्भ भएको मितिले तीन वर्ष भित्र कुनै एक संस्थाको मात्र सदस्यता कायम राख्नु पर्नेछ ।

३) यस ऐन प्रारम्भ हुादाका बखत कुनै संस्थामा नेपाल सरकारका निकाय वा दफा २४. को उपदफा २) मा उल्लेख भएदेखि बाहेकको अन्य कुनै कृतिम व्यक्ति सदस्य भएको भए तीन वर्ष भित्र सदस्यता अन्त्य गर्नुपर्नेछ ।

४) यो ऐन प्रारम्भ हुनु अघि दर्ता भएको स्वास्थ्य, शिक्षा सहकारी संस्थाको हकमा उपदफा १) र २) लागु हुनेछैन ।

२८. सदस्यताको समाप्ति :-

१) कुनै सदस्यको सदस्यता देहायको अवस्थामा समाप्त हुनेछः–

(क) सदस्यले आफ्नो सदस्यता त्याग गरेमा,

(ख) लगातार बार्षिक साधारण सभामा बिना सूचना लगातार तीन पटकसम्म अनुपस्थित भएमा,

(ग) यो ऐन र यस अन्तर्गत बनेको नियम वा विनियम बमोजिम सदस्यले पालना गर्नुपर्ने प्रावधानको बारम्बार उल्लंघन गरेमा,

(घ) सहकारी संस्थाको सदस्यको हकमा दफा २४. १) बमोजिमको योग्यता नभएमा ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै सदस्यले संस्थाबाट प्राप्त वा भुक्तान गर्नु पर्ने कुनै रकम भएमा सो फरफारक नभएसम्म वा निजले लिएको ऋण, तीर्नुपर्ने कुनै दायित्व वा अन्य कुनै

सदस्यको तर्फबाट धितो वा जमानत बसेकोमा सोको दायित्व फरफारक नभएसम्म निजको सदस्यता समाप्त हुने छैन ।

३) यस दफामा जुनसुकै कुरा लेखिएको भएता पनि साधारण सभा बोलाउने निर्णय भइसके पछि साधारण सभा सम्पन्न नभए सम्म कसैलाई पनि सदस्यताबाट हटाउन सकिने छैन ।

४) सदस्यता हटाउदा हटाउनु पुर्व सफाइको मौका दिइनेछ ।

२९. सुविधा प्राप्त गर्न नसक्ने :-

कुनै सदस्यले सहकारी संघ संस्थालाई तीर्नु पर्ने कुनै दायित्व निर्धारित समय भित्र भुक्तान नगरेमा वा यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम एवं सहकारी संघ संस्थाको विनियम बमोजिम सदस्यले पालन गर्नुपर्ने व्यवस्थाको बारम्बार उल्लंघन गरेमा त्यस्तो सदस्यले अन्य सदस्य सरहको सुविधा प्राप्त गर्न सक्ने छैन ।

परिच्छेद -६

साधारण सभा, सञ्चालक समिति तथा लेखा तथा सुपरिवेक्षण समिति

३०. साधारण सभा :-

१) सहकारी संघ संस्थाको सर्वोच्च अङ्गको रुपमा साधारण सभा हुनेछ ।

२) सहकारी संघ संस्थाका स्वै सदस्यहरू साधारण सभाका सदस्य हुनेछन ।

३) सहकारी संघ संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछः-

(क) प्रारम्भिक साधारण सभा,

(ख) वार्षिक साधारण सभा,

(ग) विशेष साधारण सभा ।

३१. प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार :-

प्रारम्भिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

१) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको काम कारबाही र आर्थिक कारोबारको जानकारी लिने, २) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

३) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने,

४) विनियममा उल्लेख भए बमोजिम सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने,

५) आन्तरिक कार्यविधि अनुमोदन गर्ने

६) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

७) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३२. वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार :-

वार्षिक साधारण सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

१) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति गर्ने,

२) वार्षिक लेखापरीक्षण प्रतिवेदन अनुमोदन गर्ने,

३) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको निर्वाचन तथा विघटन गर्ने,

४) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने, (पद बाट हटाउनु पुर्व सफाइको मौका दिनु पर्नेछ)

५) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने,

६) विनियम संशोधन तथा आन्तरिक कार्यविधि अनुमोदन गर्ने,

७) लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने,

८) संस्था एकीकरण वा विघटन सम्बन्धी निर्णय गर्ने,

९) ऋण तथा अनुदान प्राप्त गर्ने सम्बन्धमा निर्णय गर्ने,

१०) सदस्यको दायित्व मिनाहा दिने,

११) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति एवं पदाधिकारी तथा सदस्यहरुलाई आवश्यक निर्देशन दिने,

१२) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने ।

३३. साधारण सभाको वैठक :-

१) सञ्चालक समितिले सहकारी संस्था दर्ता भएको मितिले तीन महिनाभित्र प्रारम्भिक साधारण सभा बोलाउनु पर्नेछ ।

२) सञ्चालक समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले ३ (तीन) महिनाभित्र वार्षिक साधारण सभा बोलाउनु पर्नेछ । मुनासिब कारण खोली थप तीन महिनाको म्याद लिन सकिनेछ ।

३) समितिले देहायको अवस्थामा विशेष साधारण सभा बोलाउनु पर्नेछ:-

(क) संस्थाको काम विशेषले विशेष साधारण सभा बोलाउनु पर्ने समितिबाट निर्णय भएमा,

(ख) दफा ४३ को उपदफा १) को (छ) बमोजिम लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ग) कुनै सञ्चालकले विशेष साधारण सभा बोलाउन पेश गरेको प्रस्ताव समितिद्धारा पारित भएमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाइ पच्चीस प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा, (ङ) दफा ३४ कोउपदफा १) बमोजिम दर्ता गर्ने अधिकारीले निर्देशन दिएमा,

४) उपदफा ३) मा जुनसुकै कुरा लेखिएको भएतापनि संस्थाको सञ्चालक वा व्यवस्थापकबाट आफ्नो जिम्मेवारी पुरा नगरी सहकारी संघ/संस्था सञ्चालनमा समस्या उत्पन्न भएको अवस्थामा दर्ता गर्ने अधिकारीसँग अनुमति लिई एक तिहाई सञ्चालक समेत साधारण सदस्यहरू मध्येबाट बहुमत सदस्य उपस्थित भई विशेष साधारण सभा गर्न सकिनेछ ।

३४. विशेष साधारण सभा बोलाउन निर्देशन दिन सक्ने :-

१) सहकारी संघ/संस्था को निरिक्षण वा सुपरीवेक्षण गर्दा वा कसैको उजुरी परी छानविन गर्दा देहायको अवस्था देखिन आएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ/संस्थाको सञ्चालक समितिलाई साधारण सभा बोलाउन निर्देशन दिन सक्नेछः

(क) सहकारीको मूल्य, मान्यता तथा सिद्धान्त विपरित कार्य गरेको पाइएमा,

(ख) यस ऐन र अन्तर्गत बनेको नियम तथा सहकारी संघ/संस्था विनियम तथा आन्तरिक कार्यविधि विपरीत कार्य गरेको पाइएमा,

(ग) दर्ता गर्ने अधिकारीले दिएको निर्देशनको बारम्बार उल्लंघन गरेमा,

२) उपदफा १) बमोजिम साधारण सभा बोलाउन निर्देशन प्राप्त भएमा समितिले सो निर्देशन प्राप्त भएको मितिले पैंतीस दिनभित्र साधारण सभाको बैठक बोलाउनु पर्नेछ र साधारण सभाको बैठकमा उजूरी वा निरिक्षणका क्रममा देखिएका विषयमा छलफल गरी सोको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ
३) उपदफा १) वा २) मा उल्लेखित अवधि भित्र सञ्चालक समितिले साधारण सभा नबोलाएमा कार्यपालिकाको निर्णयमा दर्ता गर्ने अधिकारीले त्यस्तो साधारण सभा बोलाउन सक्नेछ ।

४) सहकारी संस्थाको साधारण सभाको लागि गणपूरक संख्या तत्काल कायम रहेको सदस्य संख्याको एकाउन्न प्रतिशत हुनेछ । तर पहिलो पटक डाकिएको साधारण सभामा गणपुरक संख्या नपुगेमा त्यसको सात दिन भित्र दोस्रो पटक साधारण सभा बोलाउनु पर्ने र यसरी दोस्रो पटक बोलाइएको साधारण सभामा सञ्चालक समितिको बहुमत सहित एक तिहाई साधारण सदस्यहरुको उपस्थिति भएमा साधारण सभाको गणपुरक संख्या पुगेको मानिनेछ ।

५) उपदफा ४) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३३ को उपदफा ४) मा भएको व्यवस्था सोही अनुसार हुनेछ ।

६) दुई हजार वा सोभन्दा बढी सदस्य भएको संस्थाले साधारण सभा गर्दा सदस्य संख्याको अनुपातमा वडा/वडा वा अन्य पायक पर्ने स्थानमा सञ्चालकलाई पठाई तोकीएको अनुपातको आधारमा प्रतिनिधि छनौट गर्न सक्ने छन् । त्यसरी छनौट भएर आएका प्रतिनिधिहरु विच प्रतिनिधिमूलक सदस्यहरुको गणपुरक संख्याले साधारण सभा गर्न सकिने छ ।

३५. सञ्चालक समिति :-

१) सहकारी संघ/संस्थाहरुमा साधारण सभाबाट निर्वाचित एक सञ्चालक समिति रहनेछ । सञ्चालक समिति अध्यक्ष सहित तोकिए बमोजिमका पदाधिकारी र सदस्यहरु गरी ७ देखि १५ जना सम्मको हुनेछ । २) उपदफा १) बमोजिमको समितिमा उपलब्ध भएसम्म समावेसीता सहित कम्तीमा तेत्तीस प्रतिशत महिला सदस्यको प्रतिनिधित्व सुनिश्चित गर्नु पर्नेछ ।

३) एउटै परिवारको एकभन्दा बढी सदस्य एकै अवधिमा सञ्चालक तथा लेखा समितिको पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

४) कुनै सहकारी संघ/संस्थाको सञ्चालक सोही संघ/संस्थाको कर्मचारी वा आफ्नो संस्थाले सदस्यता लिएको सहकारी संघ वा बैङ्क बाहेक समान तहको समान विषयको सहकारी संघ/संस्थाको सञ्चालक बन्न पाउने छैन ।

५) यो ऐन प्रारम्भ हुनुअघि कुनै व्यक्ति एकभन्दा बढी समान तहको संस्थाको सञ्चालक वा सोही संस्थाको कर्मचारी भएकोमा यो ऐन प्रारम्भ भएको मितिले ३ (तिन) वर्षभित्र कुनै एक संस्थाको मात्र सञ्चालक वा कर्मचारी रहनु पर्नेछ ।

६) संस्थाको सञ्चालक समितिको कार्याअवधि वढीमा ४ (चार) वर्षको हुनेछ ।

७) विषयगत सहकारी संघको सञ्चालक समितिको कार्यावधि वढीमा ३ (तीन) वर्षको हुनेछ ।

८) सहकारी संघ को सञ्चालक समितिको कार्यावधि वढीमा ३ (तीन) वर्षको हुनेछ ।

९) सहकारी संघ संस्था दर्ता भए पश्चात सञ्चालक समिति पदाधिकारी तथा लेखा समिति संयोजकमा कुनै पनि ब्यक्ति बढिमा तीन कार्यकाल भन्दा वढी एकै पदमा रहन पाउनेछैन ।

१०) सञ्चालक समितिको बैठक सम्वन्धी विधि प्रकृया सहकारी मुल्य मान्यतामा आधारति र तोकिए वमोजिम हुनेछ ।

३६. सञ्चालक समितिको निर्वाचन :-

१) सञ्चालक समितिले आफ्नो कार्यावधि समाप्त हुनु कम्तीमा १ (एक) महिना अगावै अर्को कार्यकालको लागि सञ्चालक समितिको निर्वाचन गराउनु पर्नेछ ।

२) उपदफा १) बमोजिम समितिको निर्वाचन नगराएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले ३ (तीन) महिनाभित्र समितिको निर्वाचन गराउन दर्ता गर्ने अधिकारीले सम्वन्धित समितिलाई आदेश दिन सक्नेछ ।

३) उपदफा २) बमोजिम दर्ता गर्ने अधिकारीले आदेश दिएकोमा सम्बन्धित सञ्चालक समितिले सो आदेश बमोजिमको समयावधि भित्र सञ्चालक समितिको निर्वाचन गराई दर्ता गर्ने अधिकारलाई जानकारी गराउनु पर्नेछ ।

४) उपदफा ३) बमोजिम समितिको निर्वाचन नगराएमा नगर प्रमुख स्तरिय निर्णयबाट दर्ता गर्ने अधिकारीले त्यस्तो संस्था सदस्य रहेको माथिल्लो संघ भए सो संघको प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्वन्धी सम्पूर्ण कार्य गर्न गराउन सक्नेछ ।

५) उपदफा ४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुऱ्याउनु सम्वन्धित समितिका पदाधिकारीहरूको कर्तव्य हुनेछ ।

६) उपदफा ५) बमोजिम निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्वन्धित संस्थाले व्यहोर्नु पर्नेछ ।

७) यस दफा बमोजिम समितिको अर्को निर्वाचन नभए सम्मको लागि सञ्चालक समितिले विनियममा व्यवस्था भए बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ ।

८) यस नगरपालिकाका सहकारी संघ संस्थाहरुको निर्वाचन समितिमा कार्यपालिका कार्यालयले ताकेको सम्वन्धीत प्रतिनिधि वा कर्मचारी कम्तिमा १ (एक) जना सहभागी गराउनु पर्नेछ ।

९) निर्वाचन संम्वन्धी अन्य प्रकृया प्रचलित कानून बिपरित नहुने गरी सम्वन्धित संघ संस्थाको विनियममा तोकिए अनुसार हुनेछ ।

३७. सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :-

यस ऐनमा अन्यत्र उल्लेखितका अतिरिक्त सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) सहकारी मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको सञ्चालन गर्ने,

२) आर्थिक तथा प्रशासकीय कार्य गर्ने र गराउने,

३) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने,

४) साधारण सभाका निर्णयहरू कार्यान्वयन गर्ने र गराउने,

५) सहकारी संघ/संस्थाको नीति, योजना, बजेट तथा बार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने,

६) सहकारी संघ/संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने,

७) शेयर नामसारी तथा फिर्ता सम्वन्धी कार्य गर्ने,

८) सम्वन्धित संघको सदस्यता लिने, दिने,

९) विनियम संसोधन तथा आन्तरिक कार्यविधि तयार गरी साधारण सभामा पेश गर्ने,

१०) कार्यक्षेत्र भित्र सहकारी संघ/संस्थाको कारोबार र व्यवशायको हित प्रवर्द्धनको लागि आवश्यक कार्य गर्ने र गराउने,

११) विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

३८. सञ्चालक पदमा बहाल नरहने :-

देहायको अवस्थामा सञ्चालक आफनो पदमा बहाल रहन सक्नेछैनः

१) निजले दिएको राजीनामा समितिबाट स्वीकृत भएमा,

२) निजलाई दफा ३९ को उपदफा १) बमोजिम सञ्चालकबाट हटाउने निर्णय भएमा,

३) निज अर्को एकै प्रकृतिको संस्थाको सञ्चालक रहेमा,

४) निज सोही संस्थाको कर्मचारी रहेमा,

५) निज सोही वा अर्को एकै प्रकृतिको संस्थाको लेखा तथा सुपरीवेक्षण समितिको पदमा रहेमा

६) निजको मृत्यु भएमा ।

७) नेपाल सरकारको स्थायी कार्यरत कर्मचारी भएमा

३९. सञ्चालकलाई पदबाट हटाउन सक्ने :-

१) साधारण सभाले दुई तिहाई बहुमतको निर्णयबाट देहायको कुनै अवस्थामा सञ्चालकलाई समितिको कुनै वा सबै सञ्चालकहरुलाई पदबाट हटाउन सक्नेछः

(क) आर्थिक हिनामिना गरी सम्बन्धित संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनधिकृत तवरले सम्बन्धित संस्थाको कारोबार सम्बन्धी विषयको गोपनियता भङ्ग गरेमा,

(ग) सम्बन्धित संस्थाको कारोबार र व्यवशायसँग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवशाय गरेमा,

(घ) सम्बन्धित संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा काम गर्न नसक्ने भएमा,

(च) सञ्चालकहरुमा यो ऐन र अन्तर्गत बनेको नियम मा उल्लिखित योग्यता नरहेमा ।

२) कुनै सञ्चालकलाई समितिको पदबाट हटाउने निर्णय गर्नु अघि त्यस्तो सञ्चालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

३) उपदफा २) बमोजिमको अवधिभित्र कुनै सञ्चालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो सञ्चालकलाई पदबाट हटाउन सक्नेछ ।

४) उपदफा ३) बमोजिम सञ्चालकको पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकाल सम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

५) उपदफा ३) बमोजिम कुनै सञ्चालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बाँकी अवधि १ (एक) वर्ष वा सोभन्दा वढी भएमा उक्त अवधीको लागि अर्को सञ्चालकको निर्वाचन गर्नेछ ।

६) साधारण सभाबाट सबै वा बहुमत सञ्चालकहरु पदबाट हटेमा कार्यकाल सकिएको मानी सोही सभाबाट तदर्थ समिति बनाई उक्त समितिलाई बढीमा ६ (छ) महिना भित्र अर्को कार्यकालको लागि निर्वाचन गराउने जिम्मेवारी दिनु पर्नेछ । यसरी बनेको तदर्थ समितिले नगरपालिकाको रोहवरमा तोकिएको अवधी भित्र सञ्चालक समितिको निर्वाचन गराई जिम्मेवारी हस्तान्तरण गर्नेछ ।

४०. निजी स्वार्थ समावेश भएको निर्णय प्रकृयामा संलग्न हुन नहुने :-

१) सञ्चालकहरुले आफ्नो निजी स्वार्थ समावेश भएको निर्णय प्रक्रियामा संलग्न हुनुहुँदैन ।

२) सञ्चालकहरुले आफूलाई मात्र व्यक्तिगत फाइदा हुनेगरी संस्थामा कुनै कार्य गर्न गराउन हुँदैन ।

३) कुनै सञ्चालकले उपदफा (१) को बिपरीत हुने गरी वा आफनो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारबाही गरे गराएमा वा संघ संस्थाको सम्पती हानी नोक्सानी पुऱ्याएमा त्यस्तो काम कारवाही प्रति सञ्चालक स्वयम व्यक्तिगत रूपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारबाहीबाट संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजको जायजेथाबाट असूल उपर गराइनेछ,

४१.समितिको विघटन :-

१) साधारण सभाले देहायको अवस्थामा सञ्चालक समितिको विघटन गर्न सक्नेछ:-

(क) सञ्चालक समितिको बदनियतपूर्ण कार्यबाट संघ/संस्थाको कारोबार जोखिममा परेमा,

(ख) संघ/संस्थाले तीर्नुपर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,

(ग) विनियममा उल्लिखित उद्देश्य र कार्य विपरितको काम गरेको ठहरेमा,

(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेको ठहरेमा,

(ङ) यस ऐन र अन्तर्गत बनेको नियमावलीमा उल्लिखित शर्त र कार्यपालिकाले दिएको निर्देशनको बारम्बार उल्लघन गरेमा ।

२) उपदफा (१) बमोजिम समिति विघटन भएमा साधारण सभाले नयाँ सञ्चालक समितिको निर्वाचन गर्नेछ ।

३) सञ्चालक समितिले यस ऐन र अन्तर्गत बनेको नियम बमोजिम दर्ता गर्ने अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा दफा ३४ बमोजिम पेश भएको प्रतिवेदन समेतको आधारमा दर्ता गर्ने अधिकारीले समितिलाई उजूरी वा निरीक्षणको क्रममा देखिएका विषयवस्तुको गाम्भिर्यताको आधारमा बढीमा छ महिनाको समय दिई सुधार गर्ने मौका दिन सक्नेछ र त्यस्तो समयावधि भित्र पनि सुधार नगरेमा त्यस्तो समिति विघटन गर्नेछ ।

४) उपदफा ३) बमोजिम समिति विघटन भएमा त्यसरी विघटन गरिएको मितिले ६ (छ) महिना भित्रमा अर्को समितिको निर्वाचन सम्पन्न गराउन र त्यस्तो निर्वाचन नभएसम्म संस्थाको दैनिक कार्य सञ्चालन

गर्न दर्ता गर्ने अधिकारीले शेयर सदस्य मध्यबाट तोकिए बमोजिमको एक तदर्थ समिति गठन गर्नु पर्नेछ ।

५) यस दफा बमोजिम अर्को समितिको निर्वाचन गराउँदा लागेको सम्पूर्ण खर्च सम्बन्धित संस्थाले व्यहोर्नेछ ।

४२. लेखा तथा सुपरीवेक्षण समितिको गठन :-

१) संस्थामा आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिमको योग्यता पुगेका एकजना संयोजक र दुईजना सदस्यहरू रहने गरी साधारण सभाले निर्वाचनवाट लेखा तथा सुपरीवेक्षण समिति गठन गर्नेछ ।

२) एउटै परिवारको एकभन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको सञ्चालक वा लेखा तथा सुपरिवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार बन्न र निर्वाचित हुन सक्ने छैन ।

४३. लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार :-

१) लेखा तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रत्येक चौमासिकमा सहकारी संस्थाको आन्तरिक लेखापरीक्षण गर्ने र गराउने,

(ख) आन्तरिक लेखापरीक्षण गर्दा लेखापरीक्षणका आधारभूत सिद्धान्तको पालना गर्ने र गराउने,

(ग) वित्तीय तथा आर्थिक कारोवारको निरीक्षण तथा मूल्याङ्कन गर्ने र गराउने,

(घ) समितिको काम कारवाहीको नियमित सुपरिवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने,

(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिका निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने,
(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारबाहीको सुपरिवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने,

(छ) आफूले पटक पटक दिएका सुझाव कार्यान्वयन नभएको कारणवाट संस्थाको हितमा कुनै प्रतिकूल असर परेमा वा त्यस्तो संस्थाको नगद वा जिन्सी सम्पत्तिको व्यापक रूपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सोको कारण खुलाई विशेष साधारण सभा बोलाउन समिति समक्ष सिफारिस गर्ने ।

(ज) आवश्यकताका आधारमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि तीन जनाको नाम सञ्चालक समितिमा सिफारिस गर्ने ।

२) लेखा तथा सुपरिवेक्षण समितिको संयोजक र सदस्यहरु संस्थाको दैनिक आर्थिक प्रशासनिक कार्यमा सहभागी हुन पाउने छैन ।

परिच्छेद -७

आर्थिक स्रोत एवं बचत तथा ऋण परिचालन:

४४. सदस्य केन्द्रित भई बचत तथा ऋणको कारोबार गर्नु पर्ने :-

१) संस्थाले आफ्ना सदस्यहरूको मात्र बचत स्वीकार गर्न, सोको परिचालन गर्न र सदस्यलाई मात्र ऋण प्रदान गर्न सक्नेछ ।

२) संस्थाले सदस्यलाई प्रदान गर्ने ऋणमा सेवा शुल्क र नवीकरण शुल्क संस्थाको कार्यविधिले तोके बमोजिम हुनेछ ।

३) बचत र ऋणको ब्याजदरबीचको अन्तर छ प्रतिशतभन्दा बढी हुने छैन ।

४) संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन पाइने छैन ।

५) संस्थाको दायित्व प्रति प्रतिकूल नहुने गरी संस्थाले स्वप्रयोजनको लागि अचल सम्पत्ति खरिद तथा पूर्वाधार निर्माण एवं संस्था र सदस्यहरुको हितमा उत्पादन र सेवाको क्षेत्रमा प्राथमिक पुँजी कोष परिचालन गर्न बाधा पर्ने छैन ।

६) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भएता पनि संस्थाले यो ऐन प्रारम्भ हुनुअघि दर्ता भएका साना किसानद्वारा प्रवर्द्धित वित्तीय संस्थाको शेयर खरिद गर्न बाधा पर्नेछैन ।

७) संस्थाले प्राथमिक पुंजीको १५ गुणासम्म बचत संकलन गर्न सक्नेछ ।

८) संस्थाले दर्ता गर्दा का बखतका सदस्य बाहेक अन्य सदस्यलाई सदस्यता प्राप्त गरेको संस्थाको आन्तरिक कार्यविधि विपरित र ऋण लगानी गर्न सक्ने छैन ।

४५. शेयर बिक्री तथा फिर्ता सम्बन्धी व्यवस्था :-

१) सहकारीहरुले आफ्नो सदस्यलाई शेयर बिक्री गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक सदस्यलाई आफ्नो कुल शेयर पुँजीको २० (बीस) प्रतिशत भन्दा बढी हुने गरी शेयर बिक्री गर्न सक्ने छैन । तर संघीय सरकार, प्रदेश सरकार वा नगरपालिकाको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रण भएको संस्था वा निकायको हकमा यो बन्देज लागु हुने छैन । ३) सहकारी शेयरको अंकित मूल्य प्रति शेयर रु १००।- (एक सय) रुपैयाँ हुनेछ ।

४) शेयर पुँजी विनियममा उल्लेख भए बमोजिम हुनेछ ।

५) सहकारीहरुले खुला बजारमा शेयर बिक्री गर्न पाउने छैन ।

६) संघ/संस्थाको मूलधनको रुपमा रहेको कुनै सदस्यको शेयर सोही संघ/संस्थाको ऋण वा दायित्व बाहेक अन्य कुनै ऋण वा दायित्व वापत लिलाम बिक्री गरिने छैन ।

४६. रकम फिर्ता तथा खाता सञ्चालन सम्बन्धी व्यवस्था :-

१) कुनै सदस्यले संघ संस्थाको सदस्यता त्याग गरी रकम फिर्ता लिन चाहेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व भुक्तान गरेको मितिले एक महिनाभित्र निजको बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

२) कुनै सदस्यले संस्थामा जम्मा गरेको बचत फिर्ता मांग गरेमा निजको कुनै दायित्व भए त्यस्तो दायित्व कट्टा गरी बाँकी रकम तोकिए बमोजिम निजलाई फिर्ता गर्नु पर्नेछ ।

३) सहकारी संस्थाहरुले सबै प्रकारका बचत खाताहरु सञ्चालन गर्न सक्नेछ ।

परिच्छेद -८

ऋण वा अनुदान, छुट, सुविधा र सहुलियत :-

४७. ऋण वा अनुदान लिन सक्न :-

१) सहकारी संघ संस्थाले विदेशी बैंक वा वित्तीय संस्था वा अन्य निकायबाट ऋण वा अनुदान लिन वा त्यस्तो निकायसँग साझेदारीमा काम गर्न सक्नेछन ।

२) उपदफा १) बमोजिम विदेशी बैङ्क वा निकायबाट ऋण वा अनुदान लिन स्वीकृतीको लागि तोकिए बमोजिमको विवरणहरु सहित कार्यपालिका कार्यालय समक्ष निवेदन दिनु पर्नेछ ।

३) उपदफा २) बमोजिम निवेदन प्राप्त भएमा दर्ता गर्ने अधिकारीले नगर प्रमुख समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।

४) उपदफा ३) बमोजिमको प्रस्ताव नगर प्रमुखबाट सदर भएमा स्वीकृतिको लागि मन्त्रालयमा सिफारिश गरी पठाउनेछ ।

४८. नगरपालिका तथा सरकारी गैर सरकारी संस्थाहरुले साझेदारी गर्न सक्ने :-

१) यस ऐन बमोजिम सञ्चालित सहकारी संघ संस्थाहरु संग नगरपालिका तथा सरकारी गैर सरकारी निकायले साझेदारीमा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

२) सहकारी संघ संस्थाले नगरपालिका तथा सरकारी गैर सरकारी निकायबाट ऋण, अनुदान तथा सहयोग प्राप्त गरी आफ्नो र आफ्ना सदस्यहरुको हित एवं विकासका लागि कार्यक्रमहरु सञ्चालन गर्न सक्नेछ ।
३) कार्य सम्पादनमा राम्रो नतिजा प्राप्त गर्ने सहकारी संघ संस्थालाई अनुदान तथा पुरस्कार र लाक्षित वर्गमा कार्य गर्न कार्यक्रमिक अनुदान दिन सक्नेछ ।

४) नगरपालिका तथा सरकारी गैर सरकारी निकायबाट प्राप्त अनुदानबाट कार्यक्रम गर्दा प्राप्त गर्दाको सर्त अनुसार गर्नु गराउनु पर्नेछ ।

५) नगरपालिकाले सहकारी संघ संस्थालाई उपलब्ध गराउने अनुदान, पुरस्कार, ऋण सम्बन्धी व्यवस्था नगर सभा तथा कार्यपालिकाले पारित गरेको नीति विधि अनुसार हुनेछ ।

४९. नेपाल सरकारको सुरक्षण प्राप्त गर्न सक्ने :-

१) संस्थाले विदेशी बैङ्क वा निकायसँग लिने ऋणमा सुरक्षण प्राप्त गर्नु पर्ने भएमा संघीय कानून बमोजिम स्वीकृतिको लागि प्रस्ताव सहित निवेदन दिनु पर्ने छ ।

२) उपदफा १) बमोजिम प्राप्त प्रस्ताव उपयुक्त देखिएमा संघीय कानून बमोजिम स्वीकृतिको लागि मन्त्रालयमा सिफारिश गरी पठाउनु पर्नेछ ।

५०. छुट, सुविधा र सहुलियत :-

१) सहकारी संघ/संस्थालाई प्राप्त हुने छुट, सुविधा र सहुलियत संघीय तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम नघट्ने गरी हुनेछ ।

२) उपदफा १) मा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक सहकारी संघ/संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत तोकिए बमोजिम हुनेछ ।

परिच्छेद -९

संस्थाको कोष :-

५१. सहकारी संघ संस्थाको कोष :-

सहकारी संघ/संस्थाको कोषमा देहाय बमोजिमको रकम रहनेछ:

१) शेयर बिक्रीबाट प्राप्त रकम,

२) बचतको रुपमा प्राप्त रकम,

३) ऋणको रुपमा प्राप्त रकम,

४) संघीय तथा प्रदेश सरकार र मातहतका निकाय बाट प्राप्त अनुदान रकम,

५) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट प्राप्त अनुदान वा सहायताको रकम,

६) व्यावसायिक कार्यबाट आर्जित रकम,

७) सदस्यता तथा प्रवेश शुल्क,

८) संस्थाको नाममा प्राप्त हुने अन्य जुनसुकै रकम ।

५२. जगेडा कोष :-

१) सहकारी संघ/संस्थामा एक जगेडा कोष रहनेछ ।

२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :

(क) आर्थिक बर्षको कुल बचत रकमको कम्तीमा पच्चीस प्रतिशत रकम,

(ख) कुनै संस्था, संघ वा निकायले प्रदान गरेको पुँजीगत अनुदान रकम,

(ग) स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम, (घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३) उपदफा (१) बमोजिमको जगेडा कोष अविभाज्य हुनेछ।

५३. संरक्षित पुँजी फिर्ता कोष :-

१) संस्थामा एक संरक्षित पुँजी फिर्ता कोष रहनेछ।

२) दफा ५२ बमोजिमको जगेडा कोषमा सो दफाको उपदफा २) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको कम्तीमा पच्चीस प्रतिशत रकम उपदफा (१) बमोजिमको कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

३) उपदफा (१) बमोजिमको रकम सदस्यले गरेको संघीय कानूनमा तोकिए बमोजिमको वार्षिक कारोवारको आधारमा सम्बन्धित सदस्यलाई उपलव्ध गराउनु पर्नेछ।

५४. सहकारी प्रबर्द्धन कोष सम्बन्धी व्यवस्था :-

१) संस्थाले सहकारी व्यवशायको प्रवर्द्धन गर्नको लागि दफा ५२ बमोजिम जगेडा कोषमा सो दफाको उपदफा (२) को खण्ड (क) बमोजिमको रकम छुट्याई बाँकी रहेको रकमको शून्य दशमलव पाँच प्रतिशतले हुन आउने रकम संघीय कानूनमा व्यवस्था भए बमोजिमको सहकारी प्रवर्द्धन कोषमा वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ। यस बमोजिमको कोषको उपयोग संघीय कानूनमा व्यवस्था भए बमोजिम हुनेछ।

२) नगरपालिकाले पनि सहकारी प्रवर्द्धन कोष खडा गर्नेछ। यस कोषमा संघ/संस्थाको जगेडा कोष पछिको मुनाफाको निश्चित रकम जम्मा गरिने व्यवस्था मिलाउन सक्नेछ। यसको संकलन र सहकारी संघ संस्था एवं तिनका सदस्य हितमा परिचालन गर्ने विधि र प्रकृयाहरु तोकिए बमोजिम हुनेछ।

५५. अन्य कोष सम्बन्धी व्यवस्था :-

१) सहकारी संघ/संस्थामा दफा ५१, ५२ र ५३ मा उल्लिखित कोषका अतिरिक्त सहकारी शिक्षा कोष, शेयर लाभांश कोष लगायत तोकिए बमोजिमका अन्य कोषहरु रहने छन्।

२) उपदफा (१) बमोजिमको कोषको रकम सो कोषको उद्देश्यपूर्तिका लागि विनियममा तोकिए बमोजिम उपयोग गर्न सकिनेछ। तर एक वर्षको शेयर लाभांशको रकम शेयर पुँजीको अठार प्रतिशतभन्दा बढी हुने छैन।

परिच्छेद -१०

अभिलेख, सूचना लेखा र लेखापरीक्षण

५६. अभिलेख राख्नु पर्ने :-

१) सहकारी संघ/संस्थाले साधारण सभा, समिति तथा लेखा सुपरिवेक्षण समिति बैठकका निर्णय तथा काम कारबाहीको अद्यावधिक अभिलेख सुरक्षित साथ राख्नु पर्नेछ।

२) सहकारी संघ/संस्थाले कारोबारसँग सम्बन्धित तथा अन्य आवश्यक अभिलेखहरू तोकिए बमोजिम सुरक्षित साथ राख्नु पर्नेछ।

५७. विवरण उपलब्ध गराउनु पर्ने :-

सहकारी संघ/संस्थाले देहायका विवरणहरू सहितको प्रतिवेदन आ.व. समाप्त भएको ३ (तीन) महिना भित्र कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ :-

१) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन

२) वार्षिक कार्यक्रम नीति तथा योजना,

३) बचत सम्बन्धी नीति तथा योजना,

४) सञ्चालकको नाम तथा बाँकी कार्याकाल,

५) साधारण सभाको बैठक सम्बन्धी जानकारी,

६) शेयर सदस्य संख्या, शेयरपुँजी, जम्मा पुंजी र लगानीको अवस्था, ७) सञ्चालक वा सदस्यले लिएको ऋण तीर्न बाँकी रहेको रकम, ८) कार्यपालिकाले समय समयमा तोकिदिएको अन्य विवरण।

५८. कारोबारको लेखा :-

संस्थाको कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्टरुपमा देखिने गरी संघीय कानून बमोजिम लेखामान (एकाउन्टिङ स्ट्याण्डर्ड) र यस ऐन बमोजिम पालना गर्नुपर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राख्नु पर्नेछ।

५९. लेखापरीक्षण :-

१) सहकारी संघ/संस्थाले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सो आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र प्रचलित कानून बमोजिम इजाजतपत्र प्राप्त लेखापरीक्षक द्वारा गराउनु पर्नेछ।

२) उपदफा १) बमोजिमको अवधि भित्र कुनै सहकारी संघ/संस्थाको लेखापरीक्षण हुन नसकी ३ (तीन) महिना अवधी थपको लागि कार्यपालिकामा निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षणको लागि ३ (तीन) महिनाको अवधी थप गरी दिन सक्नेछ।

३) उपदफा २) बमोजिमको थप अवधि भित्र पनि कुनै संस्थाले लेखापरीक्षण नगराएको पाइएमा दर्ता गर्ने अधिकारीले त्यस्तो संस्थाको लेखा परीक्षण इजाजतपत्र प्राप्त लेखापरीक्षकबाट गराउन सक्नेछ।

४) उपदफा १), २) र ३) बमोजिम लेखापरीक्षण गराउँदा लेखापरीक्षकलाई दिनुपर्ने पारिश्रमिक लगायतको रकम सम्बन्धित संस्थाले व्यहोर्ने छ।

५) उपदफा १) वा २) वा ३) बमोजिमको लेखापरीक्षकले गरेको लेखापरीक्षण प्रतिवेदन अनुमोदनको लागि साधारण सभा समक्ष पेश गर्नु पर्नेछ।

६) उपदफा ५) बमोजिम पेश भएको लेखापरीक्षण प्रतिवेदन साधारण सभाबाट अनुमोदन हुन नसकेमा पुनः लेखापरीक्षणको लागि साधारण सभाले दफा ६०. को अधीनमा रही अर्को लेखापरीक्षक नियुक्त गर्नेछ ।

६०. लेखापरीक्षकको नियुक्ति :-

१) संस्थाको लेखापरीक्षण सम्बन्धी कार्य गर्न प्रचलित कानून बमोजिम कार्यपालिकामा सूचिकृत इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू मध्येबाट साधारण सभाले एकजना लेखापरीक्षक नियुक्ति गरी पारिश्रमिक समेत तोक्नेछ ।

२) उपदफा (१) बमोजिम लेखापरीक्षक नियुक्त गर्दा एउटै व्यक्ति, फर्म वा कम्पनिलाई लगातार तीन आर्थिक वर्षभन्दा बढी हुने गरी नियुक्त गर्न सकिने छैन ।

३) यस ऐन अनुसार सहकारीहरुको लेखा परिक्षक छनोट सूचिमा रहन इजाजतपत्र प्राप्त लेखापरीक्षकहरू कार्यपालिकामा सूचिकृत हुनुपर्नेछ ।

४) सूचिकृत हुने सम्बन्धी विधि प्रकृया तोकिए बमोजिम हुनेछ ।

६१. लेखापरीक्षकमा नियुक्त हुन नसक्ने :-

१) देहायका व्यक्ति लेखापरीक्षकमा नियुक्त हुन तथा नियुक्त भई सकेको भए सो पदमा बहाल रहन सक्ने छैनः

(क) सहकारी संघ/संस्थाको सञ्चालक,

(ख) सम्बन्धित संघ/संस्थाको सदस्य,

(ग) सहकारी संघ/संस्थाको नियमित पारिश्रमिक पाउने गरी नियुक्त सल्लाहकार वा कर्मचारी,

(घ) लेखापरीक्षण सम्बन्धी कसूरमा सजाय पाई सजाँय पुर गरे पछिको तीन वर्षको अवधि भुक्तान नभएको,

(ङ) दामासाहीमा परेको,

(च) भ्रष्टाचार, ठगी वा नैतिक पतन हुने अन्य फौजदारी कसूरमा सजाय पाए पछिको पाँच वर्ष भुक्तान नभएको,

(ज) सम्बन्धित संघ/संस्थासँग स्वार्थ बाझिएको व्यक्ति ।

२) लेखापरीक्षकले आफू नियुक्त हुनुअघि उपदफा (१) बमोजिम अयोग्य नभएको कुराको संस्था समक्ष स्वघोषणा गर्नु पर्नेछ ।

३) कुनै लेखापरीक्षक आफ्नो कार्यकाल समाप्त नहुँदै कुनै संस्थाको लेखापरीक्षण गर्न अयोग्य भएमा वा संस्थाको लेखापरीक्षकको पदमा कायम रहन नसक्ने स्थिति उत्पन्न भएमा निजले लेखापरीक्षण गर्नु पर्ने वा गरिरहेको काम तत्काल रोकी सो कुराको जानकारी लिखित रुपमा संस्थालाई दिनु पर्नेछ ।

४) यस दफाको प्रतिकुल हुनेगरी नियुक्त भएको लेखापरीक्षकले गरेको लेखापरीक्षण मान्य हुने छैन ।

परिच्छेद -११

ऋण असुली तथा बाँकी बक्यौता

६२. ऋण असूल गर्ने :-

१) कुनै सदस्यले सहकारी संघ/संस्थासँग गरेको ऋण सम्झौता वा शर्त कबुलियतको पालना नगरेमा, लिखतको भाखा भित्र ऋणको सावाँ, ब्याज र हर्जाना चुक्ता नगरेमा वा ऋण लिएको रकम सम्बन्धित काममा नलगाई हिनामिना गरेको देखिएमा त्यस्तो सदस्यले ऋण लिंदा राखेको धितोलाई सम्बन्धित सहकारी संघ/संस्थाले लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी आफ्नो साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सक्नेछ । धितो सम्बन्धित सहकारी संघ/संस्था ले सकारे पश्चात् पनि ऋणीले साँवा ब्याज दुवै भुक्तानी गरी धितो बापतको सम्पत्ति ३ (तीन) महिना भित्र फिर्ता लिन चाहेमा सम्बन्धीत संघहरुको रोहोबारमा औचित्यको आधारमा फिर्ता गर्नुपर्नेछ ।

२) कुनै सदस्यले सहकारी संघ/संस्थामा राखेको धितो कुनै किसिमले कसैलाई हक छोडिदिएमा वा अन्य कुनै कारणबाट त्यस्तो धितोको मूल्य घट्न गएमा त्यस्तो ऋणीलाई निश्चित म्याद दिई थप धितो सुरक्षण राख्न लगाउन सकिनेछ ।

३) उपदफा (२) बमोजिम ऋणीले थप धितो नराखेमा वा उपदफा (१) वा (२) बमोजिमको धितोबाट पनि साँवा, ब्याज र हर्जानाको रकम असूल उपर हुन नसकेमा त्यस्तो ऋणीको हक लाग्ने अन्य जायजेथाबाट पनि साँवा, ब्याज र हर्जाना असूल उपर गर्न सकिनेछ ।

४) यस दफा बमोजिम साँवा, ब्याज र हर्जना असूल उपर गर्दा लागेको खर्च रकम तथा असूल उपर भएको साँवा, ब्याज र हर्जानाको रकम कट्टा गरी बाँकी रहन आएको रकम सम्वन्धित ऋणीलाई फिर्ता दिनु पर्नेछ ।

५) यस दफा बमोजिम कुनै सहकारी संघ/संस्थाले ऋणीको धितो वा अन्य जायजेथा लिलाम बिक्री गर्दा लिलाम सकार्ने व्यक्तिको नाममा सो धितो वा जायजेथा प्रचलित कानून बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गर्नको लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र सम्बन्धित कार्यालयले पनि सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी सोको जानकारी सम्बन्धित सहकारी संघ/संस्थालाई दिनु पर्नेछ ।

६) यस दफा बमोजिम धितो राखेको सम्पत्ति लिलाम बिक्री गर्दा कसैले सकार नगरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संघ/संस्था आफैंले सकार गर्न सक्नेछ ।

७) उपदफा (६) बमोजिम आफैंले सकार गरेमा त्यस्तो सम्पत्ति सम्बन्धित सहकारी संघ/संस्थाको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्न सम्बन्धित कार्यालयमा लेखी पठाउनेछ र त्यसरी लेखी आएमा सम्बन्धित कार्यालयले सोही बमोजिम रजिष्ट्रेशन वा दाखिल खारेज गरी दिनु पर्नेछ ।

६३. कालो सूची सम्बन्धी व्यवस्था :- संस्थाबाट ऋण लिई रकमको अपचलन गर्ने वा समयमा भित्र ऋणको साँवा ब्याज फिर्ता नगर्ने व्यक्तिको नामनामेशी सहित कालोसूची प्रकाशन सम्बन्धी व्यवस्था संघीय तथा प्रदेश कानून बमोजिम हुनेछ ।

६४. कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था :-

कर्जा सूचना केन्द्र सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

६५. ऋण असुली न्यायधिकरणको गठन :-

ऋण असुली न्यायधिकरणको गठन तथा अन्य व्यवस्था संघीय तथा प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

६६. बाँकी बक्यौता असूल उपर गर्ने :-

कसैले सहकारी संघ/संस्थालाई तिर्नु बुझाउनु पर्ने रकम नतिरी बाँकी बक्यौता राखेमा त्यस्तो रकम र सोको ब्याज र हर्जाना समेत सम्वन्धित सहकारी संघ/संस्थाले त्यस्तो व्यक्तिको जायजेथाबाट असूल उपर गर्न सक्नेछ । बाँकी बक्यौता असूल उपरका लागि सम्वन्धीत सहकारी संघ/संस्थाले नियमानुसार असुल उपर प्रकिया र कानुनि प्रकिया अगाडी बढाउन सक्नेछ ।

६७. रोक्का राख्न लेखी पठाउने :-

१) सहकारी संघ/संस्था वा दर्ता गर्ने अधिकारीले दफा ६२ र ६६ को प्रयोजनको लागि कुनै व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्न सम्वन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम रोक्काको लागि लेखी आएमा सम्वन्धित निकायले प्रचलित कानून बमोजिम त्यस्तो व्यक्तिको खाता, जायजेथाको स्वामित्व हस्तान्तरण, नामसारी वा बिक्री गर्न नपाउने गरी रोक्का राख्नराखी दिनु पर्नेछ ।

६८. अग्राधिकार रहने :-

कुनै व्यक्तिले सहकारी संघ/संस्थालाई तीर्नु पर्ने ऋण वा अन्य कुनै दायित्व नतिरेमा त्यस्तो व्यक्तिको जायजेथामा नेपाल सरकार र नगरपालिकाको कुनै हक दावी भए त्यसको लागि रकम छुट्टाई बाँकी रहन आएको रकममा सहकारी संघ/संस्थाको अग्राधिकार रहनेछ ।

६९. कार्यवाही गर्न बाधा नपर्ने :-

सहकारी संघ/संस्थाले ऋण असुली गर्ने सम्बन्धमा कुनै व्यक्ति वा सम्वन्धित सहकारी संघ/संस्था उपर चलाएको कुनै कारवाहीका कारणबाट त्यस्तो व्यक्ति वा संस्था उपर यस ऐन तथा प्रचलित कानून बमोजिमको कुनै कसूरमा कारवाही चलाउन रोक लगाएको मानिने छैन ।

परिच्छेद -१२

एकीकरण, बिघटन, विषयगत परिवर्तन, दर्ता खारेज तथा दर्ता गर्ने अधिकारी

७०. एकीकरण तथा विभाजन सम्वन्धी व्यवस्था :-

१) यस ऐनको अधिनमा रही दुई वा दुईभन्दा बढी सहकारी संस्थाहरु एक आपसमा गाभी एकीकरण गर्न वा एक सहकारी संस्थालाई भौगोलिक कार्य क्षेत्रको आधारमा दुई वा दुईभन्दा बढी सहकारी संस्थामा विभाजन गर्न सकिनेछ ।

२) उपदफा १) बमोजिम एकीकरण वा विभाजन गर्दा सम्वन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट निर्णय हुनु पर्नेछ ।

३) उपदफा २) बमोजिम एकीकरण वा विभाजन गर्ने निर्णय गर्दा एकीकरण वा विभाजनका शर्त र कार्यविधि समेत खुलाउनु पर्नेछ ।

४) उप दफा १) अनुसार हुन चाहने सहकारी संस्थाले उपदफा २) र ३) अनुसार गरेको निर्णय सहित नगरपालिकाले माग गर्ने अन्य विवरण संलग्न गरी निवेदन दिनु पर्नेछ ।

५) नगरपालिकामा उपदफा ४) बमोजिमको निवेदन प्रप्त भएमा आवश्यक जाँचबुझ गरी उपयूक्त भएमा नगर प्रमुख स्तरिय निर्णयमा माग अनुसारको स्विकृती दिन सक्नेछ । उक्त स्विकृती प्राप्त भएपछी मात्र सो विषय लागु हुनेछ ।

६) एकिकरण वा विभाजन सम्वन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

७१. विषयगत परिवर्तन :-

१) यस ऐन बमोजिम दर्ता भई संचालनमा रहेका बिषयगत सहकारी संस्थाहरु विषयगत रुपमा वा वहुउदेशिय सहकारीमा परिर्वतन हुन सक्नेछन ।

२) उपदफा १) बमोजिम गर्न आवश्यकता सम्भाव्यता र औचित्य पुष्टी हुने आधारहरु तयार रहेको प्रतिबेदन र विवरण तयार गरी साधारण सभामा पेश गरेको हुनु पर्नेछ ।

३) उपदफा १) बमोजिम गर्न उपदफा २) बमोजिम पेश भएको प्रतिवेदन प्रस्तावहरु सम्वन्धित संस्थाको कुल कायम रहेका सदस्य संख्याको दुई तिहाइ बहुमतबाट पारित भएको हुनु पर्नेछ ।

४) उप दफा १) अनुसार हुन चाहने सहकारी संस्थाले उपदफा २) र ३) अनुसार गरेको निर्णयका कागजात सहित नगरपालिकाले माग गर्ने अन्य विवरण संलग्न गरी निवेदन दिनु पर्नेछ ।

५) नगरपालिकामा उपदफा ४) बमोजिमको निबेदन प्रप्त भएमा आवश्यक जाँचबुझ गरी उपयूक्त भएमा नगर प्रमुख स्तरिय निर्णयमा माग अनुसारको स्विकृती दिन सक्नेछ । उक्त स्विकृती प्राप्त भएपछी मात्र सो विषय लागु हुनेछ ।

६) विषयगत परिवर्तन सम्वन्धी अन्य व्यवस्था तोकीए बमोजिम हुनेछ ।

७२. विघटन र दर्ता खारेज :-

१) कुनै सहकारी संघ/संस्थामा देहायको अवस्था विद्यमान भएमा साधारण सभाको तत्काल कायम रहेका दुई तिहाइ बहुमत सदस्यको निर्णयबाट त्यस्तो संस्थाको विघटन गर्ने निर्णय गरी दर्ता खारेजीका लागि सञ्चालक समितिले कार्यपालिका समक्ष निवेदन दिन सक्नेछः

(क) विनियममा उल्लिखित उद्देश्य तथा कार्य हासिल गर्न सम्भव नभएमा,

(ख) सदस्यको हित गर्न नसक्ने भएमा ।

२) उपदफा १) बमोजिम प्राप्त निवेदनमा छानविन गर्दा त्यस्तो संस्थाको विघटन गर्न उपयुक्त देखिएमा कार्यपालिकाले त्यस्तो सहकारी संघ/संस्थाको दर्ता खारेज गर्न सक्नेछ ।

३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिकाले देहायको अवस्थामा मात्र सहकारी संघ/संस्थाको दर्ता खारेज गर्न सक्नेछः-

(क) लगातार दुई बर्षसम्म कुनै कारोबार नगरी निष्कृय रहेको पाइएमा,

(ख) नियमित साधारण सभा र आवधिक निवार्चन नगरेमा

(ग) यस ऐन र अन्तर्गत बनेको नियमावली विपरीतको कार्य बारम्बार गरेमा,

(घ) विनियममा उल्लिखित उद्देश्य विपरीत कार्य गरेमा,

(ङ) सहकारी मूल्य, मान्यता र सिद्धान्त विपरीत कार्य गरेमा ।

(च) नियमित रुपमा अध्यावधिक नगरेमा ।

(छ) वार्षिक प्रतिवेदन तथा तोकिए बमोजिम सुचना एवं प्रतिवेदन पेश नगरेमा

४) उपदफा २) वा ३) बमोजिम दर्ता खारेज गर्नु अघि दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ/संस्थालाई सुनुवाईको लागि ३५ (पैतिस) दिनको समय दिनु पर्नेछ ।

५) उपदफा २) वा ३) बमोजिम सहकारी संघ/संस्थाको दर्ता खारेज भएमा त्यस्तो संस्था विघटन भएको मानिनेछ

६) उपदफा २) वा ३) बमोजिम सहकारी संघ/संस्थाको दर्ता खारेजी भएमा त्यस्तो संस्थाको दर्ता प्रमाणपत्र स्वतः रद्द भएको मानिनेछ ।

७३. लिक्वीडेटरको नियुक्ति :-

१) दफा ७२ बमोजिम कुनै सहकारी संघ/संस्थाको दर्ता खारेज भएमा दर्ता गर्ने अधिकारीले उक्त सहकारी संघ/संस्थाको लागि लिक्वीडेटर नियुक्त गर्नेछ २) उपदफामा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघीय कानूनमा तोकिएको सीमा सम्मको सम्पत्ति भएको सहकारी संघ/संस्थाको हकमा दर्ता गर्ने अधिकारीले कुनै अधिकृत स्तरका कर्मचारीलाई लिक्वीडेटर नियुक्ति गर्न सक्नेछ ।

७४. लिक्वीडेशन पछिको सम्पतिको उपयोग :-

कुनै सहकारी संघ/संस्थाको लिक्वीडेशन पश्चात् सबै दायित्व भुक्तान गरी बाँकी रहन गएको सम्पत्तिको उपयोग संघीय कानूनमा तोकिए बमोजिम नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

७५. दर्ता गर्ने अधिकारी :-

१) यस ऐन अन्तर्गत दर्ता गर्ने अधिकारीले गर्नुपर्ने कार्यहरू पर्सागढी नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको अधिकृत तहको कर्मचारीले गर्नेछ ।

२) उपदफा १) बमोजिमको दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम आफूमा रहेको कुनै वा सम्पूर्ण अधिकार आफू मातहतको अधिकृत स्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

७६. दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार :-

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य तथा अधिकारको अतिरिक्त दर्ता गर्ने अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) सहकारी संघ संस्था दर्ता, दर्ता नियमित र अध्यावधिक गर्ने गराउने,

२) नगरपालिका भित्रको सहकारी संञ्चालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गर्ने र स्विकृत गराई लागु गर्ने गराउने,

३) नगरपालिका क्षेत्र भित्र सहकारी संस्थाहरु, पर्सागढी नगरपालिका विषयगत सहकारी संघहरु, पर्सागढी नगरपालिका सहकारी संघ स्थापना सञ्चालन व्यवस्थापन, एकिकरण विघटन अनुमति, स्वीकृति, सिफारिसका लागि प्राप्त आवेदन तथा उजुरी उपर छानविन, स्थलगत निरिक्षण लगायत कार्य गरी निर्णयार्थ पेश गर्ने,

४) सहकारीहरुको क्षमता, शिप र दक्षता अभिवृद्धीका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

५) सहकारी संघ/संस्था संञ्चालन व्यवस्थापन, संञ्चालक तथा सदस्यहरुको क्षमता विकास र आय आर्जन एवं उत्पादन, रोजगारी र विकासको लागि सहजिकरण गर्ने ।

६) विशिष्टिकृत सहकारी निर्माणमा सहयोग पुऱ्याउने ।

७) पर्सागढी नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संघ/संस्था/वैङ्कहरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

८) सञ्चालक समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने । सेवाका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सुचकहरु बनाई नगरपालिका सहकारी समन्वय समितिमा पेश गर्ने तथा पारित एवं निर्णय भएका विषय कार्यान्वयन गर्ने/गराउने ।

९) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

परिच्छेद -१२

नगरपालिका सहकारी समन्वय तथा अनुगमन समिति सम्वन्धी व्यवस्था

७७. नगरपालिका सहकारी समन्वय तथा अनुगमन समिति :-

१) पर्सागढी नगरपालिकामा दर्ता भई सञ्चालन हुने सम्पूर्ण सहकारीहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने काम्का लागि देहाय बमोजिमको नगरपालिका सहकारी समन्वय तथा अनुगमन समिति गठन हुनेछः

क) नगर प्रमुख	संयोजक
ख) प्रमुख प्रशासकिय अधिकृत	सदस्य सचिव
ग) नगर कार्यपालिकाकाबाट कम्तीमा १ (एक) महिला सहित २ जना	सदस्य
घ) नगर सहकारी संघ अध्यक्ष १ (एक) जना	सदस्य
ङ) सहकारी हेर्ने कर्मचारी	सदस्य
च) पर्सागढी सहकारी संघ	आमन्त्रित सदस्य

२) उपदफा १) को ग) मा उल्लेखित सदस्यको पदावधि ३ (तिन) वर्षको हुनेछ ।

३) समितिको सवै पद पूर्ति नभएका कारण समतिलाई काम गर्न वाधा पुगेको वा गणपुरक संख्या नपुगेको मानिने छैन ।

४) सहकारी संघबाट प्रतिनिधित्व गर्ने समिति सदस्यले आफू आवद्ध संघ/संस्थाका बारेमा हुने छलफल तथा निर्णयमा सहभागी हुन र निर्णमा प्रभाव पार्न पाइने छैन ।

७८. नगरपालिका सहकारी समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार :-

नगरपालिका सहकारी समन्वय तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

१) नगरपालिका भित्रको सहकारी संञ्चालन, व्यवस्थापन, क्षमता विकास र नियमन योजना तयार गर्ने,
२) नगरपालिका क्षेत्र भित्र सहकारी संस्थाहरु, पर्सागढी नगरपालिका विषयगत सहकारी संघहरु, पर्सागढी नगरपालिका सहकारी संघ स्थापना सञ्चालन व्यवस्थापन, एकिकरण विघटन अनुमति, स्वीकृति, सिफारिसका लागि प्राप्त आवेदन तथा उजुरी उपर छानविन, स्थलगत निरिक्षण लगायत कार्य गरी निर्णय दिने,

३) सहकारीहरुको क्षमता, शिप र दक्षता अभिवृद्धीका लागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

४) सहकारी संघ/संस्था संञ्चालन व्यवस्थापन, संञ्चालक तथा सदस्यहरुको क्षमता विकास र आय आर्जन एवं उत्पादन, रोजगारी र विकासको लागि सहजिकरण गर्ने ।

५) विशिष्टिकृत सहकारी निर्माणमा सहयोग पुऱ्याउने ।

६) पर्सागढी नगरपालिकामा दर्ता भई सञ्चालनमा रहेका सहकारी संघ/संस्था/वैङ्हरुले तोकिएको शर्त अनुरुप कार्य गरे नगरे अनुगमन गर्ने व्यवस्था मिलाउने ।

७) सञ्चालक समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने, गुणस्तर कायम राख्न सूचक निर्धारण गर्ने र प्रगति मूल्याङ्कन गर्ने । सेवाका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने सुचकहरु वनाई लागु गराउने ।

८) सहकारी संघ/संस्थामा आबद्ध संचालक समितिं, कर्मचारी वा आबद्ध सदस्यहरुले संस्थाको रकम हिनामिना गरेमा, बाँकि बक्यौता दिन लिन अटेर गरेमा सो को सुनुवाई, अशुल उपर तथा आवश्यक निर्देशन एव कानुनि कारबाही गर्ने र सम्बन्धित निकायमा सिफारिस गर्ने गराउने ।

९) नगरपालिका भित्र संख्यात्मक सहकारी भन्दा गुणात्मक सहकारीको संख्या उल्लेख्य रहोस भन्ने अभिप्रायका साथ आवश्यक्ता तथा प्रवृति हेरी वडागत तथा न.पा.स्तरीय सहकारी संख्याहरुको अधिकतम सिमा कायम गराउने ।

१०) अन्य तोकिए बमोजिमका कार्यहरू गर्ने ।

७९. नगरपालिका सहकारी समन्वय तथा अनुगमन समितिको बैठक र कार्यप्रक्रिया :-

१) समन्वय तथा अनुगमन समितिको बैठक आवश्यकता अनुसार वा कम्तिमा त्रैमासिक रुपमा बस्नेछ ।

२) समितिको बैठक भत्ता तोकिए बमोजिम हुनेछ ।

३) बैठक संञ्चालन विधि र प्रकृया समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

परिच्छेद -१४

निरिक्षण तथा अनुगमन

८०. निरीक्षण तथा अभिलेख जाँच गर्ने :-

१) नगरपालिका समन्वय तथा अनुगमन समितिले जुनसुकै वखत सहकारी संघ/संस्थाको निरीक्षण तथा हिसाव जाँच गर्न र गराउन सक्नेछ ।

२) नेपाल राष्ट्र बैङ्कले जुनसुकै वखत तोकिएको भन्दा बढी आर्थिक कारोवार गर्ने सहकारी संघ/संस्थाको हिसाव किताव वा वित्तीय कारोवारको निरीक्षण वा जाँच गर्न, गराउन सक्नेछ ।

३) उपदफा २) को प्रयोजनको लागि नेपाल राष्ट्र बैङ्कले आफ्ना कुनै अधिकारी वा विशेषज्ञ खटाई आवश्यक विवरण वा सूचनाहरू सहकारी संघ/संस्थाबाट झिकाई निरीक्षण तथा सुपरीवेक्षण गर्न सक्नेछ ।

४) उपदफा १) वा २) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कको अधिकार प्राप्त अधिकृतले माग गरेको जानकारी सम्बन्धित सहकारी संघ/संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

५) उपदफा १) वा २) बमोजिम निरीक्षण वा हिसाब जाँच गर्दा कुनै सहकारी संघ/संस्थाको काम कारवाही यस ऐन र अन्तर्गत बनेको नियम, निर्देशिका, मापदण्ड वा कार्यविधि बमोजिम भएको नपाइएमा दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले सम्बन्धित सहकारी संघ/संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित सहकारी संघ/संस्थाको कर्तव्य हुनेछ ।

६) नेपाल राष्ट्र बैङ्कले यस दफा बमोजिम संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्रचलित कानून बमोजिमको अधिकार प्रयोग गर्न सक्नेछ ।

७) सहकारी संघ/संस्थाको निरीक्षण तथा सुपरीवेक्षण गर्दा प्राप्त हुन आएको जानकारी नेपाल राष्ट्र बैङ्कले पर्सागढी नगर कार्यपालिकालाई उपलब्ध गराउनु पर्नेछ ।

८१. छानविन गर्न सक्ने :-

१) कुनै सहकारी संघ/संस्थाको व्यावसायिक कारोबार सन्तोषजनक नभएको, सदस्यको हित विपरीत काम भएको वा उद्देश्य विपरीत कार्य गरेको भनी त्यस्तो संस्थाको कम्तीमा २० (बीस) प्रतिशत सदस्यले छानविनको लागि निवेदन दिएमा दर्ता गर्ने अधिकारीले त्यस्तो सहकारी संघ/संस्थाको छानविन गर्न, गराउन सक्नेछ ।

२) उपदफा १) बमोजिम छानबिन गर्दा माग गरेको विवरण वा कागजात उपलब्ध गराई सहयोग गर्नु सम्वन्धित सञ्चालक समितिको कर्तव्य हुनेछ ।

३) उपदफा १) बमोजिम गरिएको छानविनको जानकारी सम्बन्धित सहकारी संघ/संस्थालाई लिखित रुपमा दिनु पर्नेछ ।

८२. बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको निरीक्षण तथा अनुगमन सम्वन्धी विशेष व्यवस्थाः

१) बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाले तोकिए बमोजिम अनुगमन प्रणाली अवलम्वन गर्नु पर्नेछ ।

२) दर्ता गर्ने अधिकारीले बचत तथा ऋणको कारोबार गर्ने सहकारी संस्थाको तोकिए बमोजिमको अनुगमन प्रणालीमा आधारित भई निरीक्षण तथा अनुगमन गर्नेछ ।

३) उपदफा २) बमोजिम निरीक्षण तथा अनुगमन दर्ता गर्ने अधिकारीले आवश्यकता अनुसार राष्ट्रिय सहकारी महासंघ, सम्वन्धित संघ तथा सम्वन्धित निकायको सहयोग लिन सक्नेछ ।

४) यस ऐनमा अन्यत्र जेसुकै लेखिएको भएतापनि संघीय कानून बमोजिम मन्त्रालयले र राष्ट्रिय सहकारी महासंघ तथा सम्वन्धित विषयत संघहरुले सहकारी संघ/संस्थाहरुको अनुगमन तथा निरक्षण गर्न सक्नेछन ।

५) कुनै सहकारी संघ/संस्थाले यसका सदस्य वा ऋणीलाई प्रत्यक्ष वा परोक्ष रुपमा कानून विपरित काम गरेको भन्ने जानकारी प्राप्त भएमा निज सदस्य वा ऋणीको हित रक्षाको लागि कानून बमोजिमको कुनै पनि कार्य गर्न सकिने छ ।

८३. वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने :-

दर्ता गर्ने अधिकारीले आर्थिक वर्ष समाप्त भएको चार महिनाभित्र सहकारी संघ/संस्थाको निरीक्षण, अनुगमन र मुल्याङ्कन सम्बन्धी देहायका विवरणहरू समेटिएको वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(१) सञ्चालनमा रहेका सहकारी संघ/संस्थाको विवरण,

(२) अनुगमन गरिएका सहकारी संघ/संस्थाको संख्या तथा आर्थिक कारोबारको विवरण,

(३) सहकारी सिद्धान्त, यस ऐन र अन्तर्गत बनेको नियम, विनियम तथा आन्तरिक कार्यविधीको पालनाको अवस्था,

(४) सहकारी संघ/संस्थाका सदस्यले प्राप्त गरेको सेवा सुविधाको अवस्था,

(५) सहकारी संघ/संस्थाका क्रियाकलापमा सदस्यको सहभागिताको स्तर अनुपात,

(६) नगरपालिकाबाट प्रदत वित्तीय अनुदान तथा छुट सुविधाको सदुपयोगिताको अवस्था,

(७) आर्थिक क्रियाकलाप तथा वित्तीय अवस्था सम्वन्धी तोकिए बमोजिमका विवरण,

(८) सहकारी संघ/संस्थामा आन्तरिक नियन्त्रण प्रणालीको अवस्था,

(९) सुशासन तथा जिम्मेवारीको अवस्था,

(१०) सहकारी संघ/संस्थामा रहेका कोषको विवरण,

(११) संरक्षित पुँजी फिर्ता, कोष वितरणको अवस्था,

(१२) सहकारीको नीति निर्माणमा सहयोग पुग्ने आवश्यक कुराहरू,

(१३) सहकारी संघ/संस्थाको दर्ता, खारेजी तथा विघटन सम्वन्धी विवरण,

(१४) सञ्चालन गरेको दफा १६ बमोजिमको कारोवार, व्यवशाय, उद्योग वा परियोजनाको विवरण,

(१५) तोकिए बमोजिमका अन्य विवरण ।

८४. सहकारी वचत तथा कर्जा सुरक्षण कोष :-

सहकारी वचत तथा कर्जा सुरक्षण कोषको सञ्चालन तथा व्यवस्थापन संघीय कानून बमोजिम हुनेछ ।

८५. आपसी सुरक्षण सेवा सञ्चालन सम्बन्धी व्यवस्था :-

१) सहकारी संघ/संस्थाले संघीय कानूनमा व्यवस्था भए बमोजिम आफ्ना सदस्यहरु, सदस्यका बालीनाली, वस्तुभाउ तथा पशुपंछी लगायतका उत्पादन तथा सेवामा भएको क्षतिको अंशपूर्ति गर्ने गरी आपसी सुरक्षण सेवा संचालन गर्न सक्नेछ ।

२) उपदफ १) बमोजिम आपसी सुरक्षण सेवा संचालन गर्न सहकारी संघ/संस्थाको न्यूनतम मापदण्ड र अन्य व्यवस्था संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

८६. स्थिरीकरण कोष सम्बन्धी व्यवस्था :-

वचत तथा ऋण, विषयगत अन्य संस्थाहरू सम्भावित जोखिमबाट संरक्षणका लागि संघीय कानूनमा व्यवस्था भए बमोजिम खडा हुने स्थिरीकरण कोषमा सहभागी हुन सक्नेछन ।

परिच्छेद -१५

समस्याग्रस्त सहकारी संघ/संस्थाको व्यवस्थापन

८७. सहकारी संघ/संस्था समस्याग्रस्त भएको घोषणा गर्न सकिने:

१) यस ऐन बमोजिम गरिएको निरीक्षण वा हिसाब जाँचबाट कुनै सहकारी संघ/संस्थामा देहायको अवस्था विद्यमान रहेको देखिएमा संघीय कानूनमा व्यवस्था भए बमोजिम त्यस्तो संस्थालाई समस्याग्रस्त संस्थाको रुपमा घोषणा गर्न सकिनेछ:

(क) सदस्यको हित विपरीत हुने गरी कुनै कार्य गरेको,

(ख) संस्थाले पुरा गर्नुपर्ने वित्तीय दायित्व पूरा नगरेको वा भुक्तानी गर्नुपर्ने दायित्व भुक्तानी गर्न नसकेको वा भुक्तानी गर्न नसक्ने अवस्था भएको,

(ग) सदस्यहरूको बचत निर्धारित शर्त बमोजिम फिर्ता गर्न नसकेको,

(घ) यस ऐन र अन्तर्गत बनेको नियम तथा विनियम विपरीत हुने गरी सञ्चालन भएको,

(ङ) दामासाहीमा पर्न सक्ने अवस्थामा भएको वा उल्लेखनीय रुपमा गम्भीर आर्थिक कठिनाई भोगिरहेको,

(च) सदस्यको बचत रकम फिर्ता गर्नु पर्ने अवधिमा फिर्ता नगरेको भनी त्यस्तो संस्थाका कम्तीमा २५ जना सदस्यले दर्ता गर्ने अधिकारी समक्ष निवेदन दिएकोमा छानविन गर्दा खण्ड (क) देखि (ङ) सम्मको कुनै अवस्था विद्यमान भएको देखिएको,

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम गठन गरेको आयोगले कुनै सहकारी संघ/संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सिफारिस गरेमा वा समस्याग्रस्त भनी पहिचान गरेकोमा वा त्यस्तो आयोगमा परेको उजुरी संख्या, औचित्य समेतको आधारमा त्यस्तो संस्थालाई समस्याग्रस्त संस्था घोषणा गर्न सक्नेछ ।

८८. व्यवस्थापन समितिको गठन :-

१) दफा ८७. बमोजिम समस्याग्रस्त घोषणा भएकोमा त्यस्तो सहकारी संघ/संस्थाको सम्पत्ति व्यवस्थापन तथा दायित्व भुक्तानी सम्बन्धी कार्यका लागि व्यवस्थापन समितिको गठन गरिनेछ । यस्तो व्यवस्थापन समिति नगरपालिका सहकारी समन्वय तथा अनुगमन समितिको प्रस्तावमा कार्यपालिकाले गठन गर्नेछ ।
२) उपदफा १) बमोजिम गठित व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

परिच्छेद-१६

कसूर, दण्ड जरिवाना तथा पुनराबेदन

८९. कसूर गरेको मानिने :-

कसैले देहायको कुनै कार्य गरेमा यस ऐन अन्तर्गतको कसूर गरेको मानिनेछ ।

१) दर्ता नगरी वा खारेज भएको संस्था सञ्चालन गरेमा वा कुनै व्यक्ति, फर्म वा कम्पनिले आफनो नाममा सहकारी शब्द वा सो शब्दको अंग्रेजी रुपान्तरण राखी कुनै कारोबार, व्यावसाय, सेवा प्रवाह वा अन्य कुनै कार्य गरेमा,

२) सदस्यको बचत यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम, विनियम बमोजिम बाहेक अन्य कुनै पनि प्रयोजनको लागि प्रयोग गरेमा,

३) तोकिएको भन्दा बढी रकम ऋण प्रदान गर्दा जमानत वा सुरक्षण नराखी ऋण प्रदान गरेमा,

४) सञ्चालक समितिको सदस्य, व्यवस्थापक वा कर्मचारीले संस्थाको सम्पत्ति, बचत वा शेयर रकम हिनामिना गरेमा,

५) ऋण असुल हुन नसक्ने गरी समितिका कुनै सदस्य, निजको नातेदार वा अन्य व्यक्ति वा कर्मचारीलाई ऋण दिई रकम हिनामिना गरेमा,

६) सञ्चालक समितिका कुनै सदस्यले एक्लै वा अन्य सदस्यको मिलोमतोमा संस्थाको शेयर वा बचत रकम आफूखुसी परिचालन गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

७) झुट्टा वा गलत विवरण पेश गरी कर्जा लिएमा, राखेको धितो कच्चा भएमा वा ऋण हिनामिना गरेमा,

८) यस ऐन र अन्तर्गत बनेका नियम, विनियम विपरित लगानी गरेमा वा लगानी गर्ने उद्देश्यले रकम उठाएमा,

९) कृत्रिम व्यवशाय खडा गरी वा गराई ऋण लिएमा वा दिएमा,

१०) धितोको अस्वाभाविक रुपमा बढी मूल्याङ्कन गरी ऋण लिएमा वा दिएमा,

११) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी ऋण लिएमा वा दिएमा,

१२) कुनै व्यक्ति वा संस्थालाई एक पटक दिइसकेको सुरक्षण रीतपूर्वक फुकुवा नभई वा सो सुरक्षणले खामेको मूल्यभन्दा बढी हुनेगरी सोही सुरक्षण अन्य संस्थामा राखी पुनः ऋण लिए वा दिएमा,

१३) संस्थाबाट जुन प्रयोजनको लागि ऋण सुविधा लिएको हो सोही प्रयोजनमा नलगाई अन्यत्र प्रयोग गरे वा गराएमा,

१४) संस्थाको कुनै कागजात वा खातामा लेखिएको कुनै कुरा कुनै तरिकाले हटाइ वा उडाइ अर्कै अर्थ निस्कने व्यहोरा पारी मिलाई लेख्ने वा अर्को भिन्नै श्रेस्ता राख्ने जस्ता काम गरेबाट आफूलाई वा अरु कसैलाई फाइदा वा हानि नोक्सानी गर्ने उद्देश्यले कीर्ते गर्न वा अर्काको हानि नोक्सानी गर्ने उद्देश्यले नगरे वा नभएको झुट्टा कुरा गरे वा भएको हो भनी वा मिति, अङ्क वा व्यहोरा फरक पारी सहीछाप गरी गराई कागजात बनाई वा बनाउन लगाई जालसाजी गरे वा गराएमा,

१५) ऋणको धितो स्वरुप राखिने चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य प्रयोजनको लागि मूल्याङ्कन गर्दा मूल्याङ्कनकर्ताले बढी, कम वा गलत मूल्याङ्कन गरी संस्थालाई हानी नोक्सानी पुरयाउने कार्य गरे वा गराएमा,

१६) संस्थालाई हानी नोक्सानी पुऱ्याउने उद्देश्यले कसैले कुनै काम गराउन वा नगराउन, मोलाहिजा गर्न वा गराउन, कुनै किसिमको रकम लिन वा दिन, बिना मूल्य वा कम मूल्यमा कुनै माल, वस्तु वा सेवा लिन वा दिन, दान, दातव्य, उपहार वा चन्दा लिन वा दिन, गलत लिखत तयार गर्न वा गराउन, अनुवाद गर्न वा गराउन वा गैर कानूनी लाभ वा हानी पुऱ्याउने बदनियतले कुनै कार्य गरे वा गराएमा,

१७) कुनै सहकारी संघ/संस्था वा सोको सदस्य वा बचतकर्ता वा ती मध्ये कसैलाई हानी नोक्सानी पुग्ने गरी लेखा परीक्षण गरे गराएमा वा लेखापरीक्षण गरेको झुट्टो प्रतिवेदन तयार पारेमा वा पार्न लगाएमा ।

९०. सजाय :-

१) यस ऐनमा गर्न नहुने भनी तोकिएका तथा प्रचलित कानूनले गर्न नहुने भनी गरिएका कार्यको हानी र बिगार अनुसारको कसूर गरेमा संघीय कानून अनुसार बिगो, जरिवाना, कैद तथा अन्य सजायं हुनेछ ।

२) उपदफा १) अनुसार गर्दा नगरपालिकाको क्षेत्राधिकार भित्रका न्यायिक निरुपण नगरपालिकाबाट र अन्य विषयका हकमा वा बाँकि बक्यौता असुल उपर तथा आवश्यक कारवाहिको लागि सम्बन्धित निकाय बाट वा दफा ९५ मा उल्लेख गरिएको निकाय बाट हुनेछ ।

९१. रोक्का राख्नेः १) नगरपालिकाले सम्बन्धित संस्थालाई दफा ९० बमोजिम जरिवाना गर्नु, गराउनुका अतिरिक्त कुनै निश्चित अवधी सम्म त्यस्तो संस्थाको कारोबार, सम्पति तथा बैङ्क खाता रोक्का राख्ने तथा सम्पत्ति रोक्का राख्न सम्बन्धित निकायलाई सिफारिस गर्न सक्नेछ ।

२) उपदफा (१) बमोजिमको सिफारिस प्राप्त भएमा सम्बन्धित निकायले त्यस्तो संस्थाको कारोबार, सम्पति वा बैङ्क खाता रोक्का राखी सो को जानकारी नगरपालिकालाई दिनुपर्नेछ ।

९२. दोब्बर जरिवाना हुने :- दफा ८९, ९० र ९१ बमोजिम जरिवाना एवं सजांय भएको व्यक्ति वा सहकारी संघ/संस्थाले पुनः सोही कसूर गरेमा त्यस्तो व्यक्ति वा संस्थालाई दोस्रो पटकदेखि प्रत्येक पटकको लागि दोब्बर जरिवाना एवं सजांय हुनेछ ।

९३. अनुसन्धानको लागि लेखी पठाउन सक्ने :- दर्ता गर्ने अधिकारी वा नेपाल राष्ट्र बैङ्कले यस ऐन तथा प्रचलित कानून बमोजिम आफनो काम, कर्तव्य र अधिकारको पालना गर्दा कसैले दफा ८९ बमोजिमको कसूर गरेको थाहा पाएमा त्यस्तो कसूरका सम्बन्धमा अनुसन्धान गर्नको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

९४. मुद्दासम्बन्धी व्यवस्था :- यस ऐनको दफा ९० बमोजिम सजाय हुने कसूरको मुद्दा सम्बन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

९५. मुद्दा हेर्ने अधिकारी :- दफा ९० बमोजिमको सजाय हुने कसूर सम्बन्धी मुद्दाको कारवाही किनारा जिल्ला अदालतबाट हुनेछ,

९६. उजूरी दिने हद म्याद :- कसैले दफा ९० र ९२ बमोजिमको जरिवाना तथा सजाय हुने कसूर गरेको वा गर्न लागेको थाहा पाउने व्यक्तिले त्यसरी थाहा पाएको मितिले ६ महिना भित्र सम्बन्धीत निकाय वा दफा ९५ समक्ष उजूरी दिनु पर्नेछ ।

९७. पुनरावेदन गर्न सक्ने :-

१) दफा १० बमोजिम संस्था दर्ता गर्न अस्वीकार गरेको वा दफा ७२ बमोजिम संस्था दर्ता खारेज गरेकोमा चित्त नबुझ्नेले सो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र दर्ता गर्ने अधिकारीको निर्णय उपर कार्यपालिका समक्ष पुनरावेदन गर्न सक्नेछ ।

२) दफा ९०, ९१ तथा ९२ बमोजिमको जरिवाना तथा सजाय उपर चित्त नबुझने संस्था वा व्यक्तिले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतीस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछ:

क) नगरपालिका, नगर प्रमुख, नगरपालिका सहकारी समन्वय तथा अनुगमन समिति वा छानबिन समितिले गरेको निर्णय उपर सम्वन्धित जिल्ला अदालतमा,

ख) नेपाल राष्ट्र बैङ्कले गरेको निर्णय उपर सम्वन्धित उच्च अदालतमा,

९८. असूल उपर गरिने :-

१) यस परिच्छेद बमोजिम कुनै व्यक्तिले तीर्नु पर्ने जरिवाना,बक्यौता,हिनामिना वा कुनै रकम नतिरी बाँकी रहेकोमा त्यस्तो जरिवाना वा रकम निजबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

२) माथि उल्लेखित कसुर दण्ड जरिवाना तथा पुनरावेदन सम्बन्धी व्यवस्था प्रचलित कानुन वा संघीय कानून अनुसार हुनेछ ।

परिच्छेद-

१७ विविध

९९. मताधिकारको प्रयोग :-

१) कुनै सदस्यले संस्थाको जतिसुकै शेयर खरिद गरेको भएतापनि सम्वन्धित संस्थाको कार्य सञ्चालनमा एक सदस्य एक मतको आधारमा आफनो मताधिकारको प्रयोग गर्न सक्नेछ ।

२) उपदफा १) मा जुनसुकै कुरा लेखिएको भएतापनि संघको हकमा साधारण सभामा भाग लिने प्रयोजनको लागि तोकिए बमोजिम एकभन्दा बढी प्रतिनिधी पठाउन सकिनेछ र प्रतिनिधी पठाउने सम्वन्धी व्यवस्था सम्वन्धित संघको निर्णय बमोजिम हुनेछ ।

३) उपदफा २) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक संस्था वा एक संघबाट सम्वन्धित संघको समिति वा लेखा सुपरिवेक्षण समितिमा एकभन्दा बढी व्यक्ती निर्वाचित हुन सक्ने छैन ।

१००. सामाजिक परीक्षण गराउन सक्ने :-

१) सहकारी संघ/संस्थाले विनियममा उल्लिखित उद्देश्य प्राप्त गर्नका लागि समितिबाट भएका निर्णय र कार्य, सदस्यहरूले प्राप्त गरेका सेवा र सन्तुष्टीको स्तर, सेवा प्राप्तिबाट सदस्यहरूको जीवनस्तरमा

आएको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय पक्षमा सकारात्मक परिवर्तन लगायतका विषयमा सामाजिक परीक्षण गराउन सक्नेछ ।

२) उपदफा १) बमोजिम भएको सामाजिक परीक्षणको प्रतिवेदन छलफलको लागि समितिले साधारण सभा समक्ष पेश गर्नेछ ।

३) उपदफा २) बमोजिम पेश भएको सामाजिक परीक्षण प्रतिवेदन छलफल गरी साधारण सभाले आवश्यकता अनुसार सञ्चालक समितिलाई निर्देशन दिन सक्नेछ ।

४) सहकारी संघ/संस्थाले सामाजिक परीक्षण प्रतिवेदनको एक/एक प्रति दर्ता गर्ने अधिकारी तथा सम्वन्धित निकाय समक्ष पेश गर्नु पर्नेछ ।

१०१. सहकारी शिक्षा :-

सहकारी क्षेत्र प्रवर्धनको लागि नगरपालिकाले विद्यालय तहको पाठ्यक्रममा आधारभूत सहकारी सम्बन्धी विषयवस्तुलाई समावेश गराउन सक्नेछ, सो को व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०२. आर्थिक सहयोग गर्ने :-

संस्थाको रकमबाट समितिको निर्णय वमोजिम सदस्यहरुले आर्थिक सहयोग लिन सक्नेछन् । न.पा.ले समेत सहकारी प्रर्बधनमा आर्थिक सहयोग गर्न सक्नेछ । तर सामाजिक कार्यको लागि गैर सदस्य व्यक्ति वा संस्थाहरुलाई समेत आर्थिक सहयोग गर्न बाधा पर्ने छैन ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि सामाजिक कार्य भन्नाले शिक्षा,अध्यन अवलोकन भ्रमण,अनुदान सहयोग,भौतिक निंमाण सहयोग,बस्तुगत सहयोग, स्वास्थ्य, वातावरण संरक्षण, मानवीय सहायता, सहकारिता प्रबर्द्धन सम्बन्धि कार्यलाई जनाउँछ ।

१०३. अन्तर सहकारी कारोवार गर्न सक्ने :-

संस्थाहरुले तोकिए बमोजिम एक आपसमा अन्तर सहकारी कारोवार गर्न सक्नेछन् ।

१०४. कर लाग्ने :-

सहकारी संघ संस्थाहरुको आयकर सम्वन्धी व्यवस्था संघीय कानून बमोजिम हुनेछ ।

१०५. ठेक्कापट्टा दिन नहुने :-

संस्थाले आफ्नो समितिको कुनै सञ्चालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई ठेक्कापट्टा दिन पाइने छैन ।

१०६. सरकारी बाँकी सरह असूल उपर हुने :-

कुनै संस्थाले प्राप्त गरेको संस्थागत वा सदस्यको रकम,सरकारी वा ग्रैह सरकारी अनुदान कुनै सेवा सुविधा दुरुपयोग गरेको पाइएमा प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१०७. कम्पनि सम्बन्धी प्रचलित ऐन लागु नहुने :-

यस ऐन अन्तर्गत दर्ता भएको संघ/संस्थाहरुमा कम्पनि सम्वन्धी प्रचलित ऐन लागु हुने छैन ।

१०८. प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने :-

यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति वा सहकारी संघ/संस्था उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुऱ्याएको मानिने छैन ।

१०९. सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी कानूनी व्यवस्थाको पालना गर्नुपर्ने :-

सहकारी संघ/संस्थाले सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी संघीय र प्रदेश कानूनमा भएका व्यवस्थाका साथै नेपाल राष्ट्र बैंकको वित्तीय जानकारी इकाईबाट जारी भएका निर्देशिकाहरूको पालना गर्नुपर्नेछ ।

११०. नियम बनाउने अधिकार :-

यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले वा नगर स्तरीय सहकारी समन्वय समितिले आवश्यक नियमावली, कार्यविधि बनाउन सक्नेछ ।

१११. संक्रमणकालिन व्यवस्था :-

यस ऐनमा तोकिए बमोजिम वा नियमावलि कार्यविधिमा तोकिए बमोजिम उल्लेख भएका कुराहरुको लागि नियमावली, कार्यविधि पारित नभए सम्म कार्यपालिकाले निणय गरे बमोजिम हुनेछ ।

११२. मापदण्ड, निर्देशिका बनाई लागु गर्न सक्ने :-

१) यस ऐन र अन्तर्गत बनेको नियमावली कार्यविधिको अधीनमा रही सहकारी संघ/संस्थाको दर्ता, सञ्चालन, निरीक्षण, अनुगमन तथा नियमन लगायतका काम कारबाहीलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिका सहकारी समन्वय तथा अनुगमन समितिः आवश्यकता अनुसार मापदण्ड, निर्देशिका बनाई लागु गर्न सक्नेछ ।

२) उपदफा १) बमोजिमको मापदण्ड बनाउँदा आवश्यकता अनुसार रजिष्ट्रार, नेपाल राष्ट्र बैङ्क, मन्त्रालय र सम्बन्धित संघहरु र महासंघ लगायत अन्य निकायको परामर्श लिन सकिनेछ ।

११३. खारेजी र वचाउ :-

१) नेपालको संविधान संघीय, प्रदेश कानून तथा अन्य प्रचलित कानून संग यस ऐनका कुनै दफा उपदफा वाझिएमा वाझिएको हद सम्म खारेज हुनेछ ।

२) यस अधिका सहकारी सम्वन्धी गरिएका वा भए गरेका काम कामरवाही यसै ऐन अनुसार भएको मानिनेछ ।

३) यस ऐन लागु भएको मिति देखि पर्सागढी नगरपालिका सहकारी ऐन २०७४ स्वत खारेज भएको मानिनेछ । सो ऐन बमोजिम भए गरेका काम करवाहिहरु यसै ऐन बमोजिम भएको मानिनेछ ।

अनुसुची १ सहकारी संघ/संस्था दर्ता दरखास्त नमुना

मिति: ... .

श्रीमान् प्रमुखज्यू,

पर्सागढी नगरपालिका कार्यपालिकाको कार्यालय हरपुर, पर्सा

विषयः सहकारी संघ/संस्थाको दर्ता आवेदन ।

महोदय, हामी देहायका व्यक्तिहरू देहायका कुरा खोली देहायको विषयगत/वहुउद्देशिय/प्ररम्भिक सहकारी संघ/संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गर्ने कार्यहरूको योजना र प्रस्तावित संघ/संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेश गरेका छौं .

संस्था सम्वन्धी विवरण

(१) प्रस्तावित संघ/संस्थाको नामः-

(२) ठेगानाः-

(३) उद्देश्यः-

(४) मुख्य कार्यः-

(५) कार्यक्षेत्रः-

(६) दायित्वः-

(७) सदस्य सङ्ख्याः- (१) महिला .... जना (२) पुरुष .... जना ३) जम्मा ....

(८) प्राप्त सेयर पूँजीको रकम :– ....

(९) प्राप्त प्रवेश शुल्कको रकम :- ....

(१०) शेयर सदस्य विवरण (तीन पुस्ते) हस्ताक्षर सहित :- ....

(११) सहकारी संस्था गठन सम्वन्धी निर्णयहरुको प्रतिलिपी :- ....

(१२) नागरिकता प्रमाणपत्रको प्रतिलिपी र कार्यक्षेत्र भित्र स्थाई वासिन्दा भएको प्रमाण :- ....

(१३) सम्वन्धित वडा कार्यालयको सिफारिस :- ....

(१४) नगरपालिकाले तोके बमोजिमका अन्य कागजात र विवरण :- ....

(१५) अधिकार प्रत्यायोजन (अख्तियार वाला) :- ....

अनुसूचि - २ सहकारी संघ/संस्था दर्ता नियमित दरखास्त नमुना

मितिः ... .

श्रीमान् नगर प्रमुख ज्यू,

पर्सागढी नगरपालिका, कार्यपालिकाको कार्यालय हरपुर, पर्सा विषयः सहकारी संस्थाको दर्ता नियमित आवेदन । महोदय, प्रस्तुत विषयमा पर्सागढी नगरपालिका सहकारी ऐन, २०७६ जारी हुनु पुर्व प्रचलित कानून अनुसार दर्ता भई पर्सागढी नगरमालिकाको वडा न ... ... कार्यक्षेत्र बनाई सञ्चालनमा रहेको ....सहकारी संघ/संस्था पर्सागढी नगरपालिका सहकारी ऐन, २०७६ को दफा ९. को उपदफा ५) बमोजिम दर्ता नियमित गर्न देहायका विवरण खोली पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरूप संस्थाले तत्काल गरीरहेको र गर्ने कार्यहरूको योजना समेत तथा अन्य आवश्यक विवरण तथा कागजाद यसै साथ संलग्न राखी पेश गरेका छौं .

१. संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नामः-

(ख) ठेगानाः-

(ग) उद्देश्यः-

(घ) मुख्य कार्यः-

(ङ) कार्यक्षेत्रः-

(च) दायित्वः-

(छ) सदस्य सङ्ख्याः- (१) महिला ...... जना (२) पुरुष .... जना (३) जम्मा ...... जना

(ज) प्राप्त सेयर पूँजीको रकम :– ....

(झ) प्राप्त प्रवेश शुल्कको रकम :- ....

(ञ) अधिकार प्रत्यायोजन (अख्तियार वाला) :- ....

२. दर्ता विवरण

(क) दर्ता गर्ने निकायको नामः-

(ख) दर्ता नं. र दर्ता मिति :-

३. संलग्न कागजातहरू

(क) सहकारी दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(ख) सहकारी संघ/संस्थाको स्विकृत विनियमको प्रतिलिपी, (भएका स्विकृत

(ग) प्रगती प्रतिवेदन, (घ) लेखापरिक्षण प्रतिवेदन,

(ङ) सदस्यहरुको विवरण र पुंजी तथा लगानी विवरण

(च) करचूक्ता प्रमाणपत्रको प्रतिलिपी,

(च) कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरु

अनुसूचि - ३ संस्था दर्ता प्रमाण-पत्र नमूना

पर्सागढी नगरपालिका
नगर कार्यपालिका कार्यालय
हरपुर, पर्सा
२ नं.प्रदेश नेपाल

सहकारी दर्ता प्रमाण-पत्र

दर्ता/दर्ता नियमित नं. :

दर्ता मितिः

पर्सागढी नगरपालिका सहकारी ऐन, २०७६ को दफा ... ... बमोजिम श्री ... ... लाई सीमित दायित्व भएको विषयगत सहकारी संस्था/बहुउद्धेशिय सहकारी संस्था/विषयगत सहकारी संघ/विषिष्ठिकृत सहकारी संघ/ नगरपालिका सहकारी संघ दर्ता/दर्ता नियमित गरी स्वीकृत विनियम सहित यो प्रमाण-पत्र प्रदान गरिएको छ।

वर्गीकरणः ... ...

....

दस्तखतः

दर्ता गर्ने अधिकारी

नाम-

पद-

प्रमाणिकरण मिति २०७६/०४/०७ गते

आज्ञाले,
भरत प्रसाद यादव
नि. प्रमुख प्रशासकीय अधिकृत